म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २०२ सोमबार, २५ फागुन २०८२ ने. सं. ११४६ चिल्लागा 9 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मधेशमा कांग्रेसबाट जित्ने एकमात्र फिरदोस

हेटौंडा, २४ फागुन/०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसले ५७ सिट जितेको थियो । समानुपातिकसहित मत जोड्दा कांग्रेस संसद्मा ठूलो दल बनेको थियो । तर फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसले नराम्रो पराजय व्यहोरेको छ । सबैभन्दा धेरै मत पाउँदै आएको मधेशबाटै कांग्रेसले यसपटक ठूलो पराजय भोग्यो । मधेशका ८ जिल्लामा ३२ वटा निर्वाचन क्षेत्र छन् । यहाँ कांग्रेसले जम्मा १ निर्वाचन क्षेत्रमा जित हासिल गरेको छ । कांग्रेसका उम्मेदवार फिरदोश आलमले रौतहट क्षेत्र नम्बर २ मा जित हासिल गरेका हुन् । नेपाली कांग्रेसका सभापति गगनकुमार थापादेखि केही पूर्वपदाधिकारी तथा शीर्ष नेताहरू चुनाव लडेको मधेशमा फिरदोशले मात्रै जित निकाले ।

२०४३ साल मंसिर ५ गते जन्मिएका डा. फिरदोस, कांग्रेसका नेता स्व: अफताब आलमका जेठा छोरा हुन् । नेपाल प्रहरीको प्रहरी निरीक्षकबाट राजिनामा दिएर राजनीतिमा लागेका आलम डाक्टरसमेत हुन । उनले बागंलादेशको ढाका विश्व विद्यालयमा अध्ययन गरेका हुन् ।

### जनता बिबेकी छन् भन्ने प्रमाण रास्वपाको 'क्लिन स्वीप'

# ३४ वर्षपछि 'कम्युनिष्ट गढ' भत्कियो

मनिल महतो



हेटौंडा, २४ फागुन/ मकवानपुर जिल्लामा राष्ट्रिय स्वतन्त्र पार्टीले 'क्लिन स्वीप' गरेको छ । २०४६ सालमा बहुदल आएपछि भएका २०४८ यताका निर्वाचनमा कम्युनिस्टहरुले निरन्तर झडा गाड्दै आइरहेको मकवानपुर २०८२ को निर्वाचनमा आइपुग्दा वामपन्थी जनप्रतिनिधिविहीन बन्न पुगेको छ ।

आइतबार सार्वजनिक मतपरिणामअनुसार मकवानपुरका दुवै प्रतिनिधिसभा क्षेत्र ३ वर्षअघि मात्रै स्थापित नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जितेको छ । मकवानपुरको क्षेत्र नं. १ मा रास्वपाका प्रकाश गौतम बिजयी भए । उनी निकटतम् प्रतिस्पर्धीभन्दा दोब्बर बढी मतले विजयी भएका हुन् । ३७ वर्षीय हेटौंडा उपमहानगर पालिका-५ घर भएका गौतम ३६ हजार ३३ मत ल्याएर निर्वाचित भए । उनका निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी महालक्ष्मी उपाध्याय डीनाले १४ हजार ३८ मत ल्याइन् । प्रतिस्पर्धामा तेस्रो भएका नेकपा एमालेका रामेश्वर रानाले १२ हजार ७८३ मत प्राप्त गर्दा अघिल्लो निर्वाचनका विजेतासमेत रहेका राप्रपाका दीपकबहादुर सिंह छैठौं स्थानमा खुम्चिँदै ४ हजार ५७४ मतमा चित्त बुझाउन बाध्य भए ।

यस्तै, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का विजय गौतमले १० हजार ७८८, उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले १० हजार २०५, श्रमसंस्कृति पार्टीकी विद्या श्रेष्ठले १ हजार २४ मत ल्याएका छन् । १ नम्बर क्षेत्रमा ९५ हजार ३ सय १० मत खसेको थियो । निर्वाचित भएसँगै गौतमले प्रमाणपत्र समेत बुझेका छन् । उनलाई मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले प्रमाणपत्र हस्तान्तरण गरेकी हुन् । गौतमले प्रमाणपत्र बुझेपश्चात् सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै मकवानपुरबासीको मतलाई खेरजान नदिने प्रतिबद्धता व्यक्त गरे । उनले जनताको मतमाथि खेलेर भ्रष्ट्राचार नगर्ने उल्लेख गरेका छन् ।

मकवानपुर-१ मा हरेक निर्वाचनमा मतदाताले फरक-फरक दललाई जिताउँदै आएका छन् । यस क्षेत्रलाई कहिले एमाले, कहिले कांग्रेस, कहिले माओवादी र कहिले राप्रपाको प्रभाव क्षेत्रकारुपमा पनि चिनिने गरेको छ । क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार प्रशान्त उप्रेती निर्वाचित भएका छन् । २५ वर्षीय उप्रेतीले ३० हजार ५० मत प्राप्त गर्दै ११ हजार १ सय १ मतान्तरले विजय हासिल गरेका हुन् । आइतबार बिहान सार्वजनिक भएको अन्तिम मतपरिणामअनुसार उनका निकटतम् प्रतिस्पर्धी नेकपा एमालेका महेश वर्तौलाले १८ हजार ८ सय ४६ मत प्राप्त गरे । नेपाली काँग्रेसका बुद्ध लामाले १५ हजार ५६ मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका लवशेर विष्टले १२ हजार ४ सय ९२ मत प्राप्त गरेका छन् ।

६२ वडा रहेको यस क्षेत्रमा कुल ९१ हजार २ सय ४१ मत खसेको थियो । सांसद्मा निर्वाचित भएसँगै उप्रतीले प्रमाणपत्र बुझेका छन् । उनलाई निर्वाचन अधिकृत देवेन्द्र आचार्यले प्रमाणपत्र हस्तान्तरण गरेका हुन् । सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उप्रेतीले आफ्नो जीत परिवर्तन चाहने सम्पूर्ण मकवानपुरबासीको जीत भएको बताए । विगतदेखि जनतामा रहेको निराशालाई चिर्दै समाजलाई सकारात्मकतातर्फ अगाडि बढाउने जिम्मेवारी आफ्नो काँधमा आएको उनले उल्लेख गरेका छन् । उप्रेतीले आफ्नो ५ वर्षे कार्यकालमा जनमुखी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

### ३४ वर्षपछि कम्युनिस्टको गढ भत्कियो

मकवानपुरमा रास्वपाको विजयसँगै ३६ वर्षपछि कम्युनिस्टको गढ भत्किएको छ । विगतका ७ वटा निर्वाचनमा मकवानपुरले वामपन्थी जनप्रतिनिधि पाइरह्यो । तर, ३४ वर्षपछि अर्थात् २०८२ को निर्वाचनमा भने मकवानपुर वामपन्थी जनप्रतिनिधिविहीन बन्न पुगेको हो । कम्युनिस्ट साम्राज्य भत्किँदा दुवै सिट नयाँ दल रास्वपाले जित्यो । २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा भएको निर्वाचनमा दुईपटक राप्रपाले र एकपटक मात्रै कांग्रेसले जितेको छ । त्यो पनि एउटा निर्वाचन क्षेत्र मात्रै । बाँकीमा वामपन्थी उम्मेदवार विजयी भएका थिए ।

२०५१ को मध्यावधि निर्वाचनमा मकवानपुर-१ मा राप्रपाका कमल थापाले र २०७९ मा राप्रपाकै दीपक सिंहले चुनाव जितेका थिए । २०७० को दोस्रो संविधानसभा निर्वाचनमा १ नम्बर क्षेत्रबाट पहिलोपटक कांग्रेसका इन्द्रबहादुर बानियाँ विजयी भए । २०६४ को पहिलो संविधानसभा निर्वाचनमा चार वटै क्षेत्र तत्कालीन नेकपा माओवादी केन्द्रका उम्मेदवारले जितेका थिए ।

### कसले कहिले जितेका थिए चुनाव ?

मकवानपुरमा २०४८, २०५१ र २०५६ को निर्वाचनमा तीनवटा क्षेत्र थिए । २०६४ र २०७० को संविधानसभा निर्वाचनमा ४ वटा क्षेत्र बनाइयो । नयाँ संविधान जारीसँगै राज्य पुन:संरचना पश्चात् २०७४, २०७९ र २०८२ मा भएका प्रतिनिधिसभा निर्वाचनमा दुईवटा क्षेत्र कायम भयो । २०४८ सालको निर्वाचनमा एमालेका कृष्णप्रसाद दाहाल, विरोध खतिवडा र हिरण्यलाल श्रेष्ठ विजयी भएका थिए । २०५१ सालको मध्यावधि निर्वाचनमा कमल थापा (राप्रपा), विरोध खतिवडा (एमाले) र हिरण्यलाल श्रेष्ठ (एमाले) निर्वाचित भए ।

२०५६ सालको निर्वाचनमा पुन: एमालेकै कृष्णप्रसाद दाहाल, विरोध खतिवडा र वीरबहादुर लामा विजयी भए । थापा, दाहाल र खतिवडा निरन्तर निर्वाचन क्षेत्र १ र २ नम्बर बाट चुनाव लडेका थिए । त्यतिबेला श्रेष्ठ र लामाले ३ नम्बर क्षेत्रबाट जित निकालेका हुन् । ११ वर्ष लामो सशस्त्र युद्ध चरमोत्कर्षमा पुगेपछि एकैपटक २०६४ सालमा पहिलो संविधानसभा निर्वाचन भयो । जसका लागि मकवानपुरमा चारवटा निर्वाचन क्षेत्र कायम गरिएको थियो । चार वटै क्षेत्र तत्कालीन नेकपा माओवादी केन्द्रका उम्मेदवारले जिते । निरन्तर चुनाव जित्दै आएका एमालेका उम्मेदवार पराजित भए पनि मकवानपुरले वामपन्थी प्रतिनिधि नै पायो ।

२०६४ मा १ नम्बर क्षेत्रबाट दिलबहादुर घिसिङ, २ नम्बर क्षेत्रबाट प्रेमबहादुर पुलामी, ३ नम्बर क्षेत्रबाट प्रल्हाद लामिछाने र ४ नम्बर क्षेत्रबाट कुमारी मोक्तान निर्वाचित भएका थिए । २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा माओवादी उम्मेदवार सबै पराजित हुन पुगे र पुन: एमाले र एउटा निर्वाचन क्षेत्रमा कांग्रेसले पहिलोपटक जित निकाल्यो । २०७० को निर्वाचनमा १ नम्बर क्षेत्रबाट इन्द्रबहादुर बानियाँ (कांग्रेस), २ नम्बर क्षेत्रमा सुभाषचन्द्र ठकुरी (एमाले), ३ नम्बर क्षेत्रमा अनन्त पौडेल (एमाले) र ४ नम्बर क्षेत्रमा राजाराम स्याङ्तान (एमाले) विजयी भए । बानियाँले मकवानपुरमा पहिलोपटक कांग्रेसलाई जित दिलाए ।

ठकुरीले माओवादीका शीर्ष नेतृत्व भित्रका नारायणकाजी श्रेष्ठलाई पराजित गरेका थिए । २०७२ सालमा संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभा निर्वाचनमा जिल्लाका दुवै क्षेत्र एमालेले जित्यो । १ नम्बर क्षेत्रमा कृष्णप्रसाद दाहाल र २ नम्बर क्षेत्रमा विरोध खतिवडा पुन: निर्वाचित भए । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा १ नम्बर क्षेत्र राप्रपाका दीपकबहादुर सिंह र २ नम्बर क्षेत्र महेशकुमार बर्तौला (एमाले)ले जिते । यो निर्वाचनमा सिंह र बर्तौला उही निर्वाचन क्षेत्रबाट उम्मेदवार थिए तर, चुनाव रास्वपाले जित्यो ।

### जेनजी प्रदर्शन जाँचबुझ प्रतिवेदन प्रधानमन्त्रीलाई बुझाइयो

# गोली हान्न लगाउने र हान्नेलाई कारबाहीको सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ जेनजी प्रदर्शनका क्रममा भएका घटनाको जाँचबुझ गर्न गठित आयोगले आफ्नो प्रतिवेदन सरकार लाई बुझाएको छ ।

आयोगका संयोजक गौरीबहादुर कार्कीले प्रतिवेदन तत्काल सार्वजनिक गरी कार्यान्वयनमा नलगे युवाको अर्को आन्दोलन उठ्नसक्ने भन्दै सरकारलाई चेतावनी दिएका छन् । मन्त्रिपरिषद् बैठकमा प्रधानमन्त्री र मन्त्रीहरुकै अगाडि आफूले प्रतिवेदन सार्वजनिक गर्न आग्रह गरेको संयोजक कार्कीले बताएका छन् । उनले भने, 'प्रतिवेदन कार्यान्वयनमा गएन र सार्वजनिक गरिएन भने जेनजी युवाको फेरि अर्को आन्दोलन आउन सक्छ । त्यसकारण त्यो सामना गर्न तयार हुनुहोस् र यो सार्वजनिक गर्नुहोस् भनेर मैले भनिदिएको छु ।'

आयोगले प्रदर्शनका क्रममा २३ र २४ गते भएका घटनाको सुक्ष्म छानबीन गरेको जनाएको छ । २३ गते किशोरहरुको ज्यान जानेगरी भएको घटनामा संलग्न सबैलाई कानूनी कारबाहीको दायरामा ल्याउन सिफारिस गरिएको कार्कीले जानकारी दिएका छन् ।

दोषीहरुको नाम भने प्रतिवेदन सार्वजनिक भएपछि मात्रै खुल्ने उनले बताए । 'हाम्रा किशोरहरुको मृत्यु हुनगयो, उनीहरुलाई शहीद बनाउनेलाई कानूनी कारबाही गर भनेर हामीले सिफारिस गरेका छौं' कार्कीले भने, 'त्यो सिफारिसमा गोली हान्ने, हान्न लगाउने र गोली नरोक्ने सबै परेका छन् । जो-जो जिम्मेवार छन्, सबैलाई कारबाही गर्न भनेका छौं ।'

प्रतिवेदन बुझाउन ढिलाइ भएको विषयमा सञ्चारमाध्यममा आएका विभिन्न अड्कलबाजीलाई संयोजक कार्कीले खारेज गरे । कसैलाई बचाउन वा चुनावको नतिजा कुरेर प्रतिवेदन बुझाउन ढिला नगरिएको उनले प्रस्ट पारे । उनले भने, 'इलेक्सनको रिजल्ट हामीले कुरेको होइन, त्यससँग हामीलाई केही मतलब छैन । कसैलाई कारबाहीबाट बचाउन खोजिएको भन्ने कुरापनि सत्य होइन, जो दोषी देखिएका छन् उनीहरुलाई कारबाहीको सिफारिस गरेका छौं । अहिले हामीलाई के महशुस भयो भने यदि हाम्रो रिपोर्ट अगाडि नै सकिएको भए त्यसले चुनावलाई नै असर पर्थ्यो कि भन्ने कुरा पनि यहाँ आएको छ ।'

देश, जनता र सहिदहरुको पक्षमा काम गरेको भन्दै उनले यस प्रक्रियामा आफूहरुलाई कुनै डर वा अप्ठ्यारो नरहेको र पूर्ण सन्तोष रहेको बताएका छन् । सरकारले जाँचबुझ आयोग ऐनअनुसार घटनाको सत्यतथ्य पत्ता लगाउन र दोषीउपर कारबाहीको सिफारिस गर्न आयोग गठन गरेको थियो ।

# महिला दिवसको अवसरमा अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ ११६ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा मकवानपुरमा महिलासँग अन्तरक्रिया भएको छ । आइतबार 'सबै महिला र बालिकाका लागि: अधिकार, समानता र सशक्तीकरण' भन्ने नारासहित कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रम सिआनको आयोजना तथा गैसस महासंघ मकवानपुरको समन्वयमा सिआन क्षति न्यूनीकरण परियोजना अन्तर्गत भएको हो । कार्यक्रमलाई रिकभरिङ नेपाल र भिभ हेल्थकेयर पोजिटिभ एक्सनले सहयोग गरेका थिए भने माइती नेपालले सहजीकरण गरेको थियो । गैरसरकारी संस्था महासंघ मकवानपुरकी जिल्ला अध्यक्ष रमिला सापकोटाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-९ की वडासदस्य कमला पौडेल प्रमुख अतिथि रहेकी थिइन् । कार्यक्रममा सिआन पुरुष पुनर्स्थापना केन्द्रका सञ्चालक सौजन डिसी, मानवअधिकारकर्मी विनोद ढकाल, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा करिब ५० जना महिलाको सहभागिता रहेको थियो ।

कार्यक्रममा माइती नेपाल मकवानपुरकी कार्यक्रमसंयोजक माया लामाले लैङ्गिकहिंसा तथा घरेलुहिंसा विरुद्धका कानुनी व्यवस्था, लैङ्गिक हिंसाका प्रकार, त्यसका चुनौती र समाधानका उपायबारे प्रस्तुतीकरण दिएकी थिइन् । महिला दिवसकै अवसरमा महिला पुनर्स्थापना केन्द्रमा उपचाररत महिलालाई भाषणकला तालिम प्रदान गरिएको थियो । यसैबीच, हेटौंडा-९ स्थित लाम्सुरेहाइटमा रहेको महिला सिआन पुनर्स्थापना केन्द्रलाई हेटौंडा लेडी जेसीजले सेनिटरी प्याड वितरण गरेको केन्द्रकी सञ्चालक तान्या अग्रवालले जानकारी दिइन् । हाल पुनर्स्थापना केन्द्रमा २३ जना महिला उपचाररत रहेका छन् । करिब दुई वर्षअघि सञ्चालनमा आएको यो केन्द्र मकवानपुर जिल्लाको एकमात्र महिला पुनर्स्थापना केन्द्र भएको बताइएको छ ।

# महिला सशक्तीकरण र अनलाइन ठगीबारे अन्तरक्रिया

साझाकुरा संवाददाता



हेटौंडा, २४ फागुन/ 'सबै महिला र बालबालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने नाराकासाथ ११६ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा थाहा नगरपालिकामा महिला सशक्तीकरण तथा विद्युतीय माध्यमबाट हुने ठगीसम्बन्धी अन्तर क्रिया भएको छ ।

थाहा नगरपालिका महिला विकास शाखाको सहयोग तथा चेतनशील महिला बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा शिखरकोटस्थित शंकर होटलमा आयोजना गरिएको कार्यक्रममा इलाका प्रहरी कार्यालय पालुङका प्रमुख रुक्सा बज्राचार्यले प्रशिक्षकका रुपमा सहभागी भई अनलाइन ठगीका विभिन्न तरिका, त्यसबाट बच्ने उपाय तथा डिजिटल सचेतनाका विषयमा प्रशिक्षण दिइएकी थिइन् । उनले सामाजिक सञ्जाल, मोवाइल एप र विभिन्न अनलाइन माध्यम प्रयोग गर्दा सचेत रहन महिलालाई आग्रह गरिन् । कार्यक्रममा चेतनशील महिला सहकारीकी अध्यक्ष शकुन्तला गोपालीको अध्यक्षता रहेको थियो भने थाहा नगरउपप्रमुख भरत गोपाली प्रमुख अतिथिका रुपमा उपस्थित थिए ।

प्रमुख अतिथि उपप्रमुख गोपालीले महिलाको आर्थिक, सामाजिक तथा डिजिटल सशक्तीकरण आजको आवश्यकता भएको बताउँदै स्थानीय सरकारले महिलाको क्षमता विकास, सुरक्षा र आत्मनिर्भरता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए । 'महिला सशक्त भएमात्र परिवार, समाज र राष्ट्र सशक्त हुन्छ । अहिले डिजिटल प्रविधिको प्रयोग बढेसँगै अनलाइन ठगीका घटना पनि बढिरहेका छन्, त्यसैले यस्ता सचेतनामूलक कार्यक्रम अत्यन्तै आवश्यक छन्' उनले भने ।

कार्यक्रममा थाहानगर महिला तथा बालबालिका समिति संयोजक अनिता बललामा, महिला विकास शाखाप्रमुख प्रतिमा लामा, कार्यपालिका महिला सदस्य तथा थाहा नगरका १२ वटै वडाका महिला जनप्रतिनिधिको उपस्थिति रहेको थियो । अन्तरक्रियामा सहभागी महिलाले अनलाइन माध्यमबाट हुने ठगीका घटनाबारे जानकारी लिँदै त्यसबाट जोगिने उपायबारे छलफल गरेका थिए । कार्यक्रमले महिला सशक्तीकरणसँगै डिजिटल सुरक्षा सम्बन्धी सचेतना बढाउन सहयोग पुग्ने आयोजकले जनाएको छ ।



साझाकुरा

हाम्रो कुरा

# दुई तिहाई नजिक राष्ट्रिय स्वतन्त्र पार्टी

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचित हुने १६५ सिटमा राष्ट्रिय स्वतन्त्र पार्टीले १२२ सिटमा विजय हासिल गरिसकेको छ भने थप ३ सिटमा भारीमतसहित अग्रता कायम गरेको छ । प्रत्यक्षतर्फ १२५ सिट जितेपछि समानुपातिकतर्फ ६० सिट रास्वपाको भागमा पर्ने आंकलन गरिएको छ । यसरी हेर्दा दुईतिहाईका लागि आवश्यक पर्ने सिटसंख्या रास्वपाले हातपार्ने अवस्था रहेको छ । मुलुकको शासनको बागडोर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को हातमा जाने अवस्था सिर्जना हुनु नेपालको समकालीन राजनीतिमा एउटा महत्वपूर्ण मोडको रुपमा देखिएको छ । परम्परागत राजनीतिकशक्तिबाट अत्यन्तै निराश बनेका नेपाली नागरिकबीच नयाँ विकल्पको खोजी भइरहेका थियो । रास्वपाले पाएको यो अवसर केवल सत्ताप्राप्तिको विषयमात्र होइन, जनअपेक्षाको अग्निपरीक्षा पनि हो । पछिल्ला वर्षमा नेपाली राजनीतिप्रति जनविश्वास क्रमशः कमजोर र निराशपूर्ण बन्दै गएको थियो । भ्रष्टाचार, सुशासनको अभाव, विकासका वाचा पूरानहुनु र राजनीतिक अस्थिरताले नागरिकमा निराशा बढाएको थियो । यही पृष्ठभूमिमा उदाएको रास्वपा आफूलाई पारदर्शिता, जवाफदेहिता र सुशासनको पक्षधरशक्तिका रुपमा प्रस्तुत गर्दै आएको छ ।

अब शासनको बागडोर सम्हाल्ने अवसर प्राप्त भएमा उसले आफ्ना प्रतिबद्धता व्यवहारमा उतार्ने चुनौती सामना गर्नुपर्नेछ । सत्तामा पुग्नु कुनैपनि दलका लागि उपलब्धि हुन सक्छ तर, त्यसलाई प्रभावकारीरुपमा सञ्चालन गर्नु अझ ठूलो जिम्मेवारी हो । यसअघि सत्तामा पुगेका दलका शीर्षनेताको अहंकार, घमण्ड, दम्भ, जनताप्रतिको अनुदारता आदि कारणले सिनित्तै पारेको उदाहरण हाम्रोसामु ताजै छ । नयाँ राजनीतिक शक्तिकारुपमा रास्वपाले अनुभवको कमी, प्रशासनिक जटिलता र राजनीतिक दबाब जस्ता चुनौतीको सामना गर्नुपर्ने सम्भावना छ । यद्यपि यही चुनौतीबीच उसले आफूलाई फरक ढंगले प्रमाणित गर्ने अवसर पनि प्राप्त गर्नेछ । सबैभन्दा पहिले, सुशासनको क्षेत्रमा ठोस सुधारदेखिनु आवश्यक छ । भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र राज्यसंयन्त्रको दक्षता बढाउने कदम जनताले तुरुन्तै अनुभूति गर्न चाहन्छन् । यदि रास्वपाले यी क्षेत्रमा स्पष्ट परिणाम देखाउन सकेमा नेपाली राजनीतिमा सकारात्मक परिवर्तनको संकेत दिन सक्नेछ । दोस्रो महत्वपूर्ण पक्ष आर्थिक विकास र रोजगारी सिर्जना हो । युवाको ठूलो संख्या रोजगारीका लागि पलायन भइरहेका बेला देशभित्रै अवसर सिर्जना गर्नु सरकारको प्राथमिकता हुनुपर्छ । लगानीमैत्री वातावरण, उद्यमशीलताको प्रवर्द्धन र पूर्वाधार विकासमार्फत अर्थतन्त्रलाई गतिशील बनाउने नीति आवश्यक छ । त्यसैगरी, समावेशिता, सामाजिक न्याय र संघीयताको प्रभावकारी कार्यान्वयन पनि उत्तिकै महत्वपूर्ण विषय हुन् । नयाँ राजनीतिकशक्ति भएकाले रास्वपाले सबै वर्ग र समुदायको आवाजसुन्ने तथा समावेशी नीति निर्माण गर्ने क्षमता देखाउनुपर्छ । यद्यपि जनअपेक्षा अत्यन्त उच्च भएका कारण असफलताको जोखिम पनि उत्तिकै ठूलो छ ।

यदि जनअपेक्षाअनुसार परिणाम नआएमा जनताको विश्वास पुनः कमजोर हुनसक्छ । त्यसैले रास्वपाले लोकप्रिय नाराभन्दा पनि व्यावहारिक नीति, सक्षम नेतृत्व र पारदर्शी कार्यशैलीमार्फत विश्वास कायम गर्नुपर्नेछ । मुलुकको शासनको बागडोर सम्हाल्नु कुनै एक दलको मात्र विजय होइन, लोकतान्त्रिक प्रणालीप्रतिको नागरिकको आशा र भरोसाको प्रतिबिम्ब पनि हो । रास्वपाले यस अवसरलाई जिम्मेवारीपूर्वक उपयोग गर्दै सुशासन, स्थायित्व र विकासतर्फ देशलाई अग्रसर गराउन सकेमा नेपाली राजनीतिमा नयाँअध्याय सुरु हुन सक्छ । नेपालको राजनीतिक प्रणाली जटिल छ । संघीय संरचना, गठबन्धन राजनीति, प्रशासनिक संरचना र पुराना शक्तिको प्रभावका कारण कुनैपनि नयाँ दलका लागि अपेक्षित गति र परिणाम ल्याउनु सजिलो हुँदैन । यस्तो अवस्थामा धैर्य, नीतिगत स्पष्टता र संगठनात्मक मजबुती अत्यन्त आवश्यक हुन्छ । यदि रास्वपाले संगठन विस्तार, नीति निर्माण र कार्यान्वयनमा सन्तुलित ढंगले काम गर्नसक्यो भने यसको जनलहर अझ सुदृढ हुनसक्छ । दुईतिहाईको अग्निपरीक्षामा आफूलाई खरोरुपमा उतार्न सकेको खण्डमा आगामी २०८४ मा स्थानीय तह र प्रदेशको निर्वाचनमा पनि रास्वपाले नै सबैतिर जीत निकाल्ने अवसर प्राप्त गर्नेछ । संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित प्रतिनिधिले जनअपेक्षाअनुसार काम गर्ने चुनौती र अवसर रास्वपासँग छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन २६ गते मंगलबार १० मार्च २०२६ । सप्तमी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:२१ सूर्यास्त ६:०९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# नेपालका महिलाको वास्तविक सशक्तीकरणको प्रश्न



✍ मोहना अन्सारी

म यो लेख निर्वाचन परिणाम घोषणाको सम्मुख लेख्दैछु, नेपालमा भएको भदौ २३ र २४ को घटनाक्रम र निर्वाचन अहिले हामी यही सन्दर्भमा छौंह शायद मत परिणामको कारण धेरैलाई यो दिन सम्झना नहुन पनि सक्छ । हरेक वर्ष ८ मार्चमा विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाइन्छ । यो दिवस केवल उत्सवको दिन मात्र होइनह महिलाको अधिकार, समानता र न्यायका लागि भएको ऐतिहासिक संघर्षको स्मरण गर्ने अवसर पनि हो । २०औं शताब्दीको प्रारम्भमा औद्योगिक समाजमा श्रमिक महिलाले समान ज्याला, सुरक्षित कामको वातावरण र राजनीतिक अधिकारको माग गर्दै सुरु गरेको आन्दोलनबाट यो दिवसको जन्म भएको मानिन्छ । पछि संयुक्त राष्ट्रसंघले यसलाई औपचारिक रूपमा मान्यता दिएपछि महिला अधिकार र लैङ्गिक समानताका मुद्दालाई विश्वव्यापी अभियानको रूप दिएको छ ।

सन् २०२६ को अन्तर्राष्ट्रिय महिला दिवसको मुख्य सन्देश महिलाको वास्तविक सशक्तीकरणलाई तीव्र बनाउनु र लैङ्गिक समानतालाई व्यवहारमा उतार्नु हो । विगत केही दशकमा विश्वका धेरै देशहरूले महिलाको शिक्षा, स्वास्थ्य, राजनीतिक प्रतिनिधित्व र कानूनी अधिकारका क्षेत्रमा उल्लेखनीय प्रगति गरेका छन् । नेपाल पनि यस प्रक्रियाबाट अछुतो छैन । संविधान, कानूनी व्यवस्था र सार्वजनिक नीतिहरूका माध्यमबाट नेपालले महिलाको प्रतिनिधित्व र अधिकार विस्तार गर्ने प्रयास गरेको छ । तर तथ्याङ्कहरू हेर्दा देखिन्छ– संवैधानिक र नीतिगत उपलब्धिहरूको बाबजुद पनि महिलाको वास्तविक सामाजिक र आर्थिक सशक्तीकरण अझै चुनौतीपूर्ण छ ।

**नेपालको संवैधानिक उपलब्धि**

नेपालको २०१५ को संविधानलाई दक्षिणएशियामा लैङ्गिक समानताका दृष्टिले प्रगतिशील संविधानमध्ये एक मानिन्छ । संविधानको धारा १८ ले समानताको अधिकार सुनिश्चित गरेको छ भने धारा ४२ ले सामाजिक न्यायको अधिकार प्रदान गर्छ । यसैगरी संसद्मा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

यसको परिणामस्वरूप हाल नेपालको संघीय संसद्मा झण्डै एक तिहाइ महिला प्रतिनिधित्व छ, जुन दक्षिणएशियामा उल्लेखनीय मानिन्छ । स्थानीय तहको निर्वाचनपछि त झन् महिलाको सहभागिता अझ बढी देखिएको छ । स्थानीय सरकारमा ४० प्रतिशतभन्दा बढी प्रतिनिधि महिला छन् र प्रत्येक वडामा कम्तीमा एक जना दलित महिला सदस्य अनिवार्य गरिएको छ । यस व्यवस्थाले हजारौं दलित महिलालाई पहिलो पटक औपचारिक राजनीतिक नेतृत्वमा ल्याएको छ ।

यसैगरी सार्वजनिक सेवामा पनि समावेशी आरक्षण नीति लागू गरिएको छ । सरकारी सेवामा ४५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छह जसमा महिला, दलित, जनजाति, मधेशी, मुस्लिम, थारू, अपाङ्गता भएका व्यक्ति र पिछडिएका क्षेत्रका नागरिक समावेश छन् । पछिल्ला वर्षहरूमा सरकारी सेवामा महिलाको संख्या बढ्दै गएको छ र अहिले २५ प्रतिशतभन्दा बढी कर्मचारी महिला छन् । यी तथ्यहरू हेर्दा नेपालले राजनीतिक प्रतिनिधित्वका क्षेत्रमा महत्वपूर्ण प्रगति गरेको स्पष्ट देखिन्छ ।

**राजनीतिक प्रतिनिधित्व र वास्तविक सशक्तीकरणको अन्तर**

यद्यपि, राजनीतिक प्रतिनिधित्व बढ्नु मात्रले महिलाको वास्तविक सशक्तीकरण सुनिश्चित हुँदैन । नेपालमा महिलाको उपस्थिति संसद् र स्थानीय तहमा उल्लेखनीय भए पनि निर्णय प्रक्रियामा उनीहरूको प्रभाव अझै सीमित छ । प्रमुख राजनीतिक दलहरूको शीर्ष नेतृत्वमा महिलाको उपस्थिति न्यून छ । धेरै अवस्थामा महिलाहरूलाई प्रतीकात्मक प्रतिनिधित्वको रूपमा मात्र अघि सारिएको आलोचना पनि हुने गरेको छ ।

यसलाई 'टोकनिज्म' अर्थात् प्रतीकात्मक प्रतिनिधित्वको समस्या भनिन्छ । महिलालाई संख्या पूरा गर्नका लागि पद दिइन्छ, तर वास्तविक शक्ति र निर्णय क्षमता भने सीमित रहन्छ । यसले महिलाको नेतृत्व विकास र दीर्घकालीन सशक्तीकरणमा बाधा पुर्‍याउँछ ।

**सामाजिक र आर्थिक क्षेत्रमा असमानता**

नेपालमा लैङ्गिक असमानता सबैभन्दा स्पष्ट रूपमा सामाजिक र आर्थिक क्षेत्रमा देखिन्छ । शिक्षा र स्वास्थ्यका क्षेत्रमा केही सुधार भए पनि अवसरको पहुँच अझै असमान छ । ग्रामीण र दुर्गम क्षेत्रमा बस्ने महिलाहरूले अझै पनि शिक्षा, स्वास्थ्य सेवा र आर्थिक स्रोतहरूमा सीमित पहुँच पाउँछन् । महिलाको श्रम सहभागिता ठूलो भए पनि त्यसको अधिकांश हिस्सा अनौपचारिक क्षेत्रमा केन्द्रित छ । कृषि, घरेलु श्रम, पारिवारिक व्यवसाय वा अवैतनिक काममा महिलाको भूमिका अत्यन्त ठूलो छ, तर यसलाई औपचारिक अर्थतन्त्रमा मूल्यांकन गरिंदैन । धेरै महिला बैंकिङ सेवा, ऋण सुविधा र आर्थिक स्रोतमा पनि समान पहुँच पाउन सक्दैनन् ।

जात, वर्ग र भौगोलिक अवस्थाले पनि महिलाको अवसरलाई गहिरो रूपमा प्रभावित गर्छ । मधेशी दलित महिलाहरूमा बैंकिङ पहुँच अत्यन्त न्यून रहेको देखिन्छ । यसले आर्थिक सशक्तीकरणको प्रक्रियालाई झन् जटिल बनाएको छ ।

**महिला आन्दोलन किन शहरी केन्द्रित ?**

नेपालमा महिला अधिकार आन्दोलनको इतिहास लामो छ । लोकतान्त्रिक आन्दोलन, जनआन्दोलन र संविधान निर्माण प्रक्रियामा महिलाको सक्रिय सहभागिता थियो । तर पछिल्ला वर्षहरूमा एउटा महत्वपूर्ण आलोचना सुनिन्छ– महिला अधिकार आन्दोलन प्रायः शहरी र उच्च वर्ग केन्द्रित भएको छ । काठमाडौं लगायतका शहरहरूमा सञ्चालित धेरै अभियान अन्तर्राष्ट्रिय संस्था, गैरसरकारी संगठन र नीति निर्माण केन्द्रसँग जोडिएका हुन्छन् । यी अभियानहरूले नीति र कानून निर्माणमा प्रभाव पारेका छन्, तर ग्रामीण र सीमान्तकृत महिलाको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउन सधैं सफल भएका छैनन् ।

ग्रामीण क्षेत्रमा बस्ने महिलाका समस्याहरू– जस्तै भूमि स्वामित्व, कृषि स्रोतको पहुँच, घरेलु हिंसा, शिक्षा अभाव, बालविवाह वा स्वास्थ्य सेवाको कमी– अझै गम्भीर छन् । तर यी मुद्दाहरू राष्ट्रिय बहसको केन्द्रमा सधैं आउँदैनन् । यसका केही कारण छन् । पहिलो, महिला आन्दोलनमा नेतृत्व गर्ने धेरै व्यक्तिहरू शहरी पृष्ठभूमिबाट आएका हुन्छन् । दोस्रो, आन्दोलनको वित्तीय स्रोत प्रायः अन्तर्राष्ट्रिय दातृ संस्थाबाट आउने भएकाले कार्यक्रमहरू परियोजना केन्द्रित हुन्छन् । तेस्रो, ग्रामीण महिलालाई संगठित गर्ने संरचना अझै कमजोर छ ।

**समावेशी दृष्टिकोणको आवश्यकता**

नेपाल जस्तो विविधतायुक्त समाजमा महिलाको सशक्तीकरणलाई केवल लैङ्गिक दृष्टिकोणबाट मात्र हेर्न पर्याप्त हुँदैन । जात, वर्ग, भाषा, धर्म र भौगोलिक अवस्थाले महिलाको अवसर र चुनौतीलाई गहिरो रूपमा प्रभावित गर्छ । यसलाई 'इन्टरसेक्सनालिटी' अर्थात् बहुआयामिक असमानताको दृष्टिकोणबाट बुझ्न आवश्यक हुन्छ । उदाहरणका लागि, एक शहरी शिक्षित महिलाको अवसर र चुनौती ग्रामीण दलित महिलाको भन्दा पूर्णतः फरक हुन्छ । त्यसैले नीति र कार्यक्रमहरू बनाउँदा यी विविध अवस्थालाई ध्यानमा राख्न आवश्यक हुन्छ ।

**नेपालले के गर्न सक्छ ?**

महिलाको वास्तविक सशक्तीकरणका लागि नेपालले केही महत्वपूर्ण कदमहरू चाल्न आवश्यक छ ।

पहिलो, कानूनी अधिकारको प्रभावकारी कार्यान्वयन । नेपालमा धेरै प्रगतिशील कानूनहरू छन्, तर तिनको कार्यान्वयन कमजोर छ । घरेलु हिंसा, लैङ्गिक भेदभाव वा सम्पत्ति अधिकार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ ।

दोस्रो, महिलाको आर्थिक सशक्तीकरण । महिलालाई उद्यमशीलता, कृषि आधुनिकीकरण, सहकारी संस्था र वित्तीय सेवामा पहुँच बढाउन विशेष कार्यक्रम आवश्यक छ । महिलाको कामलाई औपचारिक अर्थतन्त्रमा समावेश गर्ने नीति पनि आवश्यक छ ।

तेस्रो, शिक्षा र सीप विकास । ग्रामीण र सीमान्तकृत समुदायका महिलालाई लक्षित गरेर शिक्षा र व्यावसायिक तालिम कार्यक्रम विस्तार गर्नुपर्छ ।

चौथो, स्थानीय नेतृत्वको सुदृढीकरण । स्थानीय तहमा निर्वाचित महिलालाई प्रभावकारी रूपमा काम गर्न तालिम, स्रोत र संस्थागत सहयोग उपलब्ध गराउनु आवश्यक छ ।

पाँचौं, सामाजिक सोच परिवर्तन । कानूनी सुधार मात्र पर्याप्त हुँदैन । समाजमा गहिरो रूपमा बसेका पितृसत्तात्मक सोच परिवर्तन गर्न शिक्षा, जनचेतना र सांस्कृतिक संवाद आवश्यक हुन्छ ।

**निष्कर्ष**

नेपालले महिलाको राजनीतिक प्रतिनिधित्व र कानूनी अधिकारका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । संविधान, समावेशी नीति र आरक्षण व्यवस्थाले महिलालाई सार्वजनिक जीवनमा अघि ल्याएको छ । तर वास्तविक समानता हासिल गर्न अझै लामो यात्रा बाँकी छ । राजनीतिक प्रतिनिधित्वलाई सामाजिक र आर्थिक सशक्तीकरणसँग जोड्न सके मात्र महिला आन्दोलनले वास्तविक परिणाम दिन सक्छ । शहरी केन्द्रित बहसलाई ग्रामीण र सीमान्तकृत महिलाको जीवनसँग जोड्न आवश्यक छ । अन्तर्राष्ट्रिय महिला दिवसको सन्देश पनि यही हो– महिलाको अधिकार केवल कागजमा होइन, जीवनको हरेक क्षेत्रमा व्यावहारिक रूपमा सुनिश्चित हुनुपर्छ । नेपालले यही दिशामा ठोस कदम चाल्न सके मात्र समावेशी र न्यायपूर्ण समाज निर्माणको लक्ष्य पूरा हुन सक्छ ।

*(साभार: अनलाइनखबर)*

# राजनीति कि सत्तालिप्सा

✍ श्यामप्रसाद मैनाली

यही फागुन २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधिसभाको निर्वाचनको तापक्रम यतिखेर बढिराखेको छ । राजनीतिक प्रचार प्रसार र प्रतिस्पर्धीहरूको अभिव्यक्ति सुन्दा गणितीय सिद्धान्त नै असफल भइसकेको प्रतीत हुन्छ । किनकि यहाँ सबै प्रतिस्पर्धीहरूले अत्यधिक मत ल्याएर विजयी हुने दाबी गरिराखेका छन् । जनताले विजयी बनाएर पठाउने हुन् वा होइनन् ? यसको प्रतीक्षा नै नगरी दलहरुले आ-आफ्ना प्रधानमन्त्रीका उम्मेदवार पनि तोकिसकेका छन् । राजनीति भनेको बल, प्रभाव र अधिकारको खेल हो भनिन्छ । तर यो राजनीतिक खेल अस्वस्थ हुन्छ । विकासोन्मुख देशहरुमा जहाँ लोकतन्त्रको पर्याप्त सुदृढीकरण हुन सकेको छैन, त्यस्ता देशमा यही सूत्र प्रयोग गरेर निर्वाचनमा विजयी हुने सम्भावना प्रबल देखिन्छ । राजनीति देशको मूल नीति हुने भएकाले यसले लोकतन्त्रको सुदृढीकरण र देशको समृद्धिका लागि मार्गदर्शन प्रदान गर्दछ । यसले समाजलाई परिचालित गराउने नियम वा खेलका नियमहरूको अभ्यास गर्दछ ।

राजनीतिले सधैं राजनेताको आवश्यकता औंल्याउँछ । तर जब राजनीति सत्तालिप्सामा मात्र केन्द्रित हुन पुग्छ, यो अत्यन्त सानो वृत्तमा केन्द्रित हुन थाल्छ । राजनेताको अभावमा राजनीतिले उपयुक्त मार्गदर्शन गर्न सक्दैन । राजनेताहरूमा दूरदृष्टि रहन्छ । नैतिकवान् हुन्छन् । सच्चरित्रता कायम गर्न सक्छन् । नेताले सधैं जनतालाई केन्द्रविन्दुमा राख्छ । राजनीतिले अधिकार, शक्ति र निर्णयप्रति बढी झुकाव राख्छ । राजनीति नगरीकन नेता बन्न सकिन्छ ।

असल नेताको अभावमा पनि राजनीति अस्तित्वमा आइराखेको हुन्छ । राजनीतिले आउने चुनावलाई महत्व दिन्छ तर राजनेताले आउने पुस्ताको भविष्यको चिन्ता गर्छ । देशमा राजनीति मात्र छ, राजनीतिज्ञहरू मात्र छन् । नेता र राजनेता छैनन् भने त्यस्तो देशले अग्रगमनको दिशा पक्डन सक्दैन । विश्वमा सत्तालिप्सामा मात्र केन्द्रित रहेर राजनीति गर्नेहरूको उत्तरार्ध अत्यन्त दर्दनाक देखिएको छ । उनीहरुले केही स्वार्थलोलुप झुन्डहरूलाई फाइदा त दिलाउन सक्छन् तर न आफ्नो इतिहास रच्न सक्छन्, न देशलाई नै समुन्नत बनाउन प्रयास गर्छन् । आफ्नो दल र दलभित्रको आफ्नै अनुकरण गर्ने सानो समूहमा यस्ता राजनीतिज्ञहरु रमाउँदै जान्छन् ।

आफ्नो राजनीतिक भविष्य पनि जोखिममा राख्छन् । देशलाई पनि बर्बादीको दिशामा पुर्‍याउँछन् । विभिन्न देशका शासकहरूका दर्दनाक अवस्थाबाट नै स्पष्ट हुन सकिन्छ । नेपालको सन्दर्भमा देशको राजनीति कसरी अघि बढिराखेको छ ? के यही प्रकृतिको राजनीतिले देशलाई सही दिशा प्रदान गर्न सक्छ ? देशभित्र असल नेतृत्वको विकास किन हुन सकेको छैन ? आसन्न निर्वाचनबाट निर्वाचित भएका प्रतिनिधिहरूले त्यसको अवस्थामा र व्यवस्थामा उल्लेखनीय सुधार गर्न सक्छन् वा सक्दैनन् ? यही विषयमा यो लेखलाई केन्द्रित गराउने प्रयास गरिएको छ ।

**केही राजनेता र आलोचित राजनीतिज्ञहरू :**

विश्वका शासकहरूको इतिहास अध्ययन गर्दा विचित्रका शासकहरुसमेत भेटिएका छन् । उनीहरूको शासन सञ्चालन गर्ने तरिकाका आधारमा प्रशंसित र इतिहासमा नाम लेखाई अमर बन्नेहरू पनि छन् । यो वर्गका राजनेताहरूको बारेमा व्याख्या गर्नुपर्दा नेल्सन मण्डेलाको नाम लिनुपर्दछ । उनले रङ्गभेदविरुद्ध लामो र कठोर संघर्ष गर्ने क्रममा २७ वर्षसम्म कारागारमा बन्दी जीवन बिताउनुपरेको थियो । उनी अहिंसा, मेलमिलाप र समानतामा प्रतीक थिए । दक्षिण अफ्रिकाका प्रथम अश्वेत राष्ट्रपति बने, देशलाई गृहयुद्ध हुनबाट जोगाए । शान्ति र मानवअधिकारको लागि उनको योगदान विश्वमै चर्चाको विषय बन्यो । ९० प्रतिशत अश्वेतहरूमाथि १० प्रतिशत स्वेतहरुले गरेको ज्यादती र अन्यायका विरुद्ध अश्वेत जातिहरूको अधिकार सुरक्षाका लागि संघर्ष गरेका मण्डेला जब सफल भए, ९० प्रतिशत काला जातिहरुले १० प्रतिशत गोरा जातिहरूलाई बदला लिने सम्भावना प्रबल बन्यो । यसले ठूलो रक्तपात देशभित्र हुने सम्भावना देखिँदै गयो । यो परिस्थितिलाई नजिकबाट अध्ययन गरेका मण्डेलाले आफू राष्ट्रपति हुनेबित्तिकै एकजना श्वेत जातिका र एकजना अश्वेत जातिका लाई उपराष्ट्रपति बनाए ।

यो निर्णयपश्चात् ९० प्रतिशत अश्वेतहरू स्तब्ध हुन पुगे । उनीहरूको विद्रोहले शान्तिको मार्ग अवलम्बन गर्न पुग्यो । परिणाम स्वरूप देशलाई बचाउन नेल्सन मण्डेला सफल भए ।विश्वमै चर्चित अर्को राजनेता हुन् महात्मा गान्धी । अहिंसात्मक आन्दोलनमार्फत भारतलाई स्वतन्त्र बनाउन सफल बने । हिंसाविना राजनीतिक परिवर्तन सम्भव छ भन्ने पाठ विश्वलाई पढाए । उनको दर्शनको अनुशरण मार्टिन लुथर्किङ जुनियर तथा नेल्सन मण्डेलाले पनि गर्न पुगे ।

संयुक्त राज्य अमेरिकालाई गृहयुद्धबाट बचाउन त्यस देशका १६औं राष्ट्रपति अब्राहम लिंकनले अद्वितीय भूमिका निर्वाह गरे । लोकतन्त्र, समानता र स्वतन्त्रताका मूल्य-मान्यताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउन सफल बने । देशलाई एकताबद्ध बनाइराख्न सफल भए । स्रोत-साधन खासै केही नभएको सानो बन्दरगाह सिङ्गापुरलाई एक सुन्दर विश्वकै समृद्ध र सुव्यवस्थित राष्ट्र बनाए । कडा अनुशासन, भ्रष्टाचार नियन्त्रण, दीर्घकालीन नीतिहरूको अवलम्बनले उनको पहिचान बनाएको थियो ।

महाथिर मोहम्मद एसियाकै अर्को राजनेता हुन् । मलेसियाको औद्योगीकरण र आर्थिक समृद्धि एवं आधुनिकीकरणमाका प्रणेताका रुपमा उनको स्मरण गरिन्छ । ९० वर्षको उमेरमा उनी पुनः प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । यी सबै नेताहरुले विश्वको राजनीतिक इतिहासमा आफ्नो नाम स्वर्ण अक्षरले लेखाउन सफल भएका थिए । विशेष गरी तानाशाही शासन सञ्चालन गर्ने गरी आएका शासकहरूले राष्ट्रलाई तहसनहस बनाएका छन् । एडल्ट हिटलरले उग्र राष्ट्रवाद, नश्लीय घृणा र तानाशाही नीतिकै कारण दोस्रो विश्वयुद्धको सामना गर्नुपर्ने परिस्थिति बन्यो । लाखौं निर्दोष मानिसको यिनले हत्या गरे । जर्मनीको भौतिक, आर्थिक सम्पूर्ण विनाशका कारक बनेका थिए । पोलपोट अर्को तानाशाह हुन् । उनले शुद्ध कम्युनिस्ट समाज स्थापना गराउने दृढताका कारण देशलाई नै मृत्यु च्याम्बरमा परिणत गराएका थिए । देशको २५ प्रतिशत नागरिकको यिनले हत्या गरे । शिक्षा, स्वास्थ्य, संस्कृति सबै क्षेत्र तहसनहस बनाए ।

देशलाई अधोगतितर्फ अथवा पश्चगमन तर्फ धकेल्ने राजनीतिज्ञ एवं शासकहरू विभिन्न देशमा उल्लेख्य संख्यामा पाइएका छन् । उनीहरूको उत्तरार्ध पनि अत्यन्त कठोर र दर्दनाक बनेको अवस्था पाइन्छ । राजनेताहरूको जीवनशैली अत्यन्त सहज र सम्पूर्ण नागरिकको बीचमा स्वीकार्यता प्राप्त हुने भएकाले नै उनीहरु विश्वको राजनीतिक रङ्गमञ्चमा सधैं स्मरणयोग्य पात्रहरु बन्दै गएका छन् । तर जसले पश्चगमन तर्फ राष्ट्रलाई धकेल्ने परिस्थिति निर्माण गरे, उनीहरूको उत्तरार्ध कठोर बनेका उदाहरण थुप्रै छन् । नेपालमा पनि यस प्रकृतिका शासकहरू समय-समयमा देखिँदै आएका छन् । तर दुर्भाग्य नै भन्नुपर्छ, नेपालको लामो शासन प्रक्रियामा राजनेताहरूको संख्या अत्यन्त नगन्य छ । अल्प अवधि मात्र शासन गर्न पाएका कारणले उनीहरूको उपलब्धिलाई उल्लेख्य रुपमा विश्लेषण गर्न सक्ने अवस्था देखिन्न । तर नेपालमा राजनीतिक दल, व्यक्ति विशेष र समूहलाई मात्र सम्पूर्ण राष्ट्र सोचेर अघि बढ्ने राजनीतिज्ञहरूको सूची भने निकै लामो छ । यो नै राष्ट्रको लागि सबैभन्दा ठूलो दुर्भाग्य बनेको छ ।

**नेपालको राजनीतिक परिस्थिति :**

नेपालमा राजनेताहरूको खडेरी परेको छ । देशभित्र राजनीतिज्ञहरू र नेता मात्र रहेका छन् । नेता जब सर्वस्वीकार्य बन्दै जान्छन्, राजनेतामा परिणत हुन्छन् । नेपालमा यस्ता राजनीति गर्ने व्यक्तित्वहरूको लामो समयदेखि अभाव छ । सीमित झुन्डमा रमाउने, आत्मरतिमा मुग्ध हुने, राष्ट्र, राष्ट्रियता, लोकतन्त्रलाई सधैं छायामा पार्ने राजनीतिक दलहरुले मात्र राजनीतिमा क्रियाशीलता दिइराखेका छन् ।

व्यक्ति विशेष, आफ्नो समूह अथवा सानो कोटरीमा रमाउने प्रवृत्ति सबै राजनीति गर्नेहरूमा विगत ३०-३५ वर्षदेखि देखिँदै आएको छ । आफू र आफ्नाहरूको पक्षपोषणमा नेपालका राजनीतिज्ञहरूको अर्जुनदृष्टि रहँदै आएको छ । सबै प्रकारका विकृति र विसंगतिको प्रमुख स्रोत नै नेपालका राजनीतिकर्मीहरु बनेका छन् । यस प्रकारको कुशासन देशले सामना गरिराखेको समय धेरै लामो भइसकेको छ । यसबाट नेपाली जनता अत्यन्त आक्रोशित बनेका छन्, क्षुब्ध भएका छन् । लामो समय शासनसत्तामा रहनेहरू नेपाली मतदाताहरूको आँखामा कसिँगर बन्दै गएका छन् । यसले गर्दा यी दलहरुमा रहेका असल राजनीतिज्ञहरूसमेत मर्कामा परेको यथार्थता हामीसामु छ । यही अवस्थामा जेनजी आन्दोलनको परिणाम नेपालको आम निर्वाचन दुई वर्षअघि हुने भएको छ ।

व्यक्ति ओलीलाई विस्थापित सुशीला कार्कीले गरेकी छिन् । राष्ट्रले सामना गरी आएका जल्दाबल्दा समस्याहरू कुशासन, भ्रष्टाचार, राजनीतिक अस्थिरताजस्ता सवालमा सम्बोधन गर्ने सामान्य चिन्तनसम्म पनि नेपालका राजनीतिज्ञहरूमा देखिएको छैन । यही अवस्थामा यही फागुन २१ गते सम्पन्न हुने आम निर्वाचनमा सबै दलले प्रतिस्पर्धा गर्ने तयारी भइराखेको छ । आसन्न निर्वाचनमा प्रतिस्पर्धा गरिराखेका राजनीतिक दलहरू र त्यसभित्रका पात्रहरूको स्मरण गर्दा धेरै आशा गर्ने अवस्थामा मतदाताहरु देखिँदैनन् । तर लामो अवधिको कुशासनको जवाफदेहिता बहन गर्ने राजनीतिक दलहरूप्रति ठूलो वितृष्णा भएकै कारण ती दलहरूको विरोध गरेकै आधारमा सत्तामा पुग्ने उद्देश्यका साथ केही राजनीतिक दल निर्वाचनमा सहभागी बनेका छन् ।

पुराना दलहरुले केही गरेनन्, यिनीहरुले खराब काम मात्रै गरे, कुशासन भित्र्याए आदि सबै प्रकारका आलोचना यी नयाँ दलहरूले गरि राखेका छन् । तर उनीहरुले अब शासनसत्तामा पुग्न पाएमा के गर्ने हुन् त ? त्यसको स्पष्ट खाका प्रस्तुत गर्न सकेका छैनन् । मतदाताले पनि यसरी नयाँ दलहरुलाई प्रश्न सोधेको पनि विरलै देखिन्छ । अब निर्वाचनमा कुन दलको पल्ला भारी हुने हो ? लेखाजोखा राजनीतिप्रति चासो राख्नेहरूका बीच हुन थालेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# जसले हराए पार्टी सभापति र अध्यक्षहरू

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई तिहाइ नजिक पुग्दा तीन जना बाहेक सबै पार्टी अध्यक्ष तथा सभापतिहरूले चुनाव हारेका छन् । रास्वपा सभापति रवि लामिछाने र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) संयोजक पुष्पकमल दाहाल प्रचण्ड निर्वाचित भइसकेका छन् भने श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ जित नजिक पुगेका छन् । झापा-५ बाट उठेका नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली र झापा-३ बाट उठेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले जित्न निकाल्न सकेनन् । नेपाली कांग्रेसका सभापति गगनकुमार थापा सर्लाही-४ मा पराजित भए ।



बालेन शाह, झापा-५ | अमरेशकुमार सिंह, सर्लाही-४ | प्रकाश पाठक, झापा-३ | अमरकान्त चौधरी, सप्तरी-३ | रामजी यादव, सप्तरी-२ | राजु पाण्डे, काठमाडौं-३ | रविन्द्र पटेल, रौतहट-३ | रविन महतो, सर्लाही-२

नवगठित उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ काठमाडौं-३ मा पराजित भए । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव सप्तरी-३ र जनमत पार्टीका अध्यक्ष सीके राउत सप्तरी-२ बाट हारे । राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो सर्लाही-२ मा पराजित भए । तबला दिएको फोटो राख्दै ओलीले भने- बालेन बाबु बधाई !

**ओली हराउँदै उदाए बालेन**

एमालेका अध्यक्ष ओलीलाई रास्वपा वरिष्ठ नेता बालेन शाहले हराइदिए । झापा क्षेत्र नम्बर ५ बाट ६८ हजार ३४८ मतसहित बालेन निर्वाचित हुँदा ओलीले १८ हजार ७३४ मत प्राप्त गरे । उनीहरूबीच ४९ हजार ६१४ मतको अन्तर रह्यो । ओलीलाई हराउने बालेन काठमाडौं महानगरका पूर्वमेयर हुन् । ३६ वर्षीय बालेन इन्जिनियर हुन् । ४ वर्ष अगाडिसम्म र्‍यापरका रूपमा नयाँ पुस्ताबीच मात्र चर्चित थिए । काठमाडौं महानगरको मेयरमा विजयी भएसँगै थप चर्चित भए । झापा-५ बाट चुनाव जितेसँगै उनी अन्तर्राष्ट्रिय स्तरसम्मै चर्चाको शिखरमा पुगेका छन् । का,रण उनी भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिएका पात्र हुन् ।

काठमाडौंको गौरीगाउँमा जन्मिएका बालेन आयुर्वेदिक चिकित्सक डा. रामनारायण शाह र ध्रुवदेवी शाहका छोरा हुन् । उनले ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटक विश्वेश्वरैया राष्ट्रिय प्रौद्योगिक संस्थानबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरेका छन् । नयाँ पुस्ताले बालेनको राजनीतिक अवतारको चर्चा भर्चुअल माध्यम अर्थात् सामाजिक सञ्जालमा बढी छ ।

बालेन उदाउँदा ओली भने कमजोर भएका छन् । संसदीय निर्वाचनमा ओलीले दोस्रो पटक हार बेहोरेका मात्रै होइनन् उनी नेतृत्वको एमालेले देशभर सर्मनाक हार बेहोरेको छ । झापा-५ मै भने ओलीले पहिलो हार २०६४ मा खेपेका थिए । यसपटक दोस्रो हार खेप्दा उनी मतान्तरमा पनि निकै पछाडि परे । योसँगै झापा-५ लाई आफ्नो क्षेत्र भन्दै आएका ओलीको बोली खण्डित भएको छ ।

ओलीले यसअघि झापा-५ बाट २०४८, २०५१ र २०५६ सालको चुनाव जितेका थिए । २०६४ सालको संविधानसभा सदस्य निर्वाचनमा पराजित भए पनि त्यसयताका तीनवटै संसदीय चुनाव २०७० साल, २०७४ र २०७९ मा जितेका थिए । चुनाव जितेका मात्र होइनन्, उनी संसदीय राजनीतिको शीर्ष स्थानमा रहँदै आएका नेता हुन् । २०५१ सालमा गृहमन्त्री भए । २०६३ मा उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्री बने । २०७२, २०७४ र २०८१ मा गरी चार पटक प्रधानमन्त्री भए ।

गत भदौ २३ र २४ मा जेनजी आन्दोलन हुँदा ओली प्रधानमन्त्री थिए । त्यसबेला राजीनामा दिन बाध्य भएका ओलीका लागि गत बिहीबारको चुनाव संसदीय राजनीतिका लागि बिराम लाग्ने दिन बन्यो । जबकि, ओलीलाई नै हराएर बालेन प्रधानमन्त्री बन्दैछन् ।

**गगनको 'बेग'लाई अमरेशको धक्का**

यस पटकको निर्वाचनले सात दशक पुरानो दल नेपाली कांग्रेसलाई पनि धक्का दिएको छ । जेनजी आन्दोलनको पृष्ठभूमिमा पुराना दलहरू भित्र नेतृत्वमा पुस्तान्तरणको बहस चल्यो । त्यसमा गगन थापा सफल भए । शेरबहादुर देउवालाई हटाएर आफ्नै नेतृत्वमा पार्टी अगाडि बढाए । तर संसदीय चुनाव आफैंले समेत जित्न सकेनन् । विगतमा निरन्तर काठमाडौं-४ बाट चुनाव जित्दै आएका गगन थापा विशेष महाधिवेशनबाट सभापति भएसँगै सर्लाही-४ मा चुनाव लड्न गए । रास्वपाबाट उम्मेदवार बनेका अमरेशले थापालाई हराइदिए ।

३५ हजार ६८८ मत ल्याएर अमरेश सिंह विजयी हुँदा गगन थापाले २२ हजार ८३१ मत मात्रै ल्याउन सके । सिंहले थापालाई १२ हजार ८५७ मतले पराजित गरे । गगन थापा र अमरेश दुवैको संसदीय यात्रा सँगसँगै जस्तो सुरु भएको हो । अमरेश संसदीय यात्रा २०६३ मा अन्तरिम संसदबाट सुरु भएको हो । त्यसबेला उनी कांग्रेसका तर्फबाट सांसद बनेका थिए । गगन थापा पनि २०६४ मा समानुपातिक सांसद भएर संसदीय राजनीतिमा प्रवेश गरेका हुन् । यसपटक गगनको संसदीय यात्रामा अमरेशले ब्रेक लगाइदिए ।

२०७० र २०७४ मा कांग्रेसबाट निर्वाचित सिंहलाई २०७९ कांग्रेसले टिकट दिएन । त्यसबेला कांग्रेसले नागेन्द्र कुमारलाई उम्मेदवार बनाएपछि स्वतन्त्र उम्मेदवारी दिएका अमरेश २० हजार १७ मत ल्याएर निर्वाचित भएका थिए । त्यसबेला नागेन्द्र कुमारले १८ हजार २५३ मत पाएका थिए । यसपटक पनि जनताले अमरेशलाई नै चुने । परिणाममा अमरेशले सर्लाही-४ बाट लगातार चौथो पटक चुनाव जित्न सफल भए ।

२०२७ सालमा जन्मिएका उनी सर्लाहीको बलरा नगरपालिका-४ का स्थायी बासिन्दा हुन् । अमरेशले नयाँदिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्धमा विद्यावारिधि गरेका छन् ।

**प्रकाशसँग रोकिए राजेन्द्र**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनले पनि चुनाव जित्न सकेनन् । उनको संसदीय यात्रा रास्वपाका प्रकाश पाठकले रोकिदिए । झापा-३ बाट रास्वपाका प्रकाश ३८ हजार ६७४ मत ल्याएर विजयी हुँदा निकटतम प्रतिस्पर्धी लिङ्देनले १७ हजार २९४ मत मात्रै ल्याउन सके । पाठकले लिङ्देनलाई २१ हजार ३८० मतले हराइदिए ।

यसअघि २०७४ सालको निर्वाचन र २०७९ सालको निर्वाचनमा लिङ्देन एमालेसँग गठबन्धन गरेर विजयी बनेका थिए । २०७४ सालको निर्वाचनमा राप्रपाबाट एक्लै प्रत्यक्ष जितेका लिङ्देन त्यही बलमा पार्टीको अध्यक्ष भए । तर यसपटक रास्वपाको लहरका बीच लिङ्देनको संसदीय यात्रामा ब्रेक लाग्यो । २०४५ साल साउन १ गते झापाको बाह्रदशी गाउँपालिका घाग्रामा जन्मिएका पाठकले त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर गरेका छन् । उनी पूर्वपत्रकार हुन् ।

१३ वर्ष विभिन्न सञ्चार माध्यममा काम गरेका प्रकाशले निर्वाचन प्रचारप्रसारका क्रममा संचारकर्मीसँग भनेका थिए, 'परिवर्तन हुनुपर्छ, रुपान्तरण हुनुपर्छ भन्ने लाग्थ्यो । पत्रकारितामा रहँदा देश कसरी चलेको छ भन्ने बुझियो । अब बोलेर र लेखेर मात्रै हुँदैन । सही कानुन बनाउन आफैं अगाडि सर्नुपर्छ भन्ने लाग्यो र राजनीतिमा होमिएँ ।'

चुनाव जितेकाले उनलाई अब गर्न खोजेको काम अगाडि बढाउने अवसर मिलेको छ । चुनावका दौरान उनले तीन वटा प्राथमिकता अघि सारेका थिए- शिक्षा, स्वास्थ्य र कृषि । कृषिको समुचित सम्बोधन नगरी मुलुक अगाडि बढ्न नसक्ने उनको बुझाइ छ । 'किसानले गर्व गर्ने अवस्था बन्नुपर्छ । यसका लागि आन्तरिक उत्पादन बढाउनुपर्छ । सरकारले उत्पादनमै अनुदान दिनुपर्छ ।'

नेपालको शिक्षा समय अनुकूल र प्रविधिमैत्री हुन नसकेको प्रकाशको बुझाइ छ । उनी भन्छन्, '२०२८ साल देखि एउटै शिक्षा नीति छ । यसलाई समयअनुकूल बनाउँदै लैजानुपर्छ । पाठ्यक्रममा परि मार्जन गर्नुपर्छ । निजी र सरकारी दुवै विद्यालयमा समान पाठ्यक्रम र समान ड्रेस हुनुपर्छ ।'

शिक्षा र स्वास्थ्यमै नागरिकको लगानीको धेरै प्रतिशत खर्च भइरहेकाले नागरिकमा आक्रोश रहेको प्रकाश बताउँछन् । उनी भन्छन्, 'हरेक परिवारको ६० प्रतिशत आम्दानी शिक्षा र स्वास्थ्यमा खर्च भइराखेको छ ।' उनका नजरमा शिक्षामा र स्वास्थ्य उपचारमा नागरिको समान पहुँच छैन । प्रकाश थप्छन्, 'स्वास्थ्यमा सर्वसुलभता आवश्यक छ । स्वास्थ्यका लागि भवनमा लगानी होइन । स्वास्थ्य सेवा प्रभावकारी बनाउनुपर्छ । स्वास्थ्य बीमाको प्रभावकारिता बढाउनुपर्नेछ ।'

**कुलमानलाई रोक्ने राजु महानगर प्रहरी**

मुलुककै नेतृत्व गर्ने ध्येय राखेका पात्र हुन्- कुलमान घिसिङ । नवगठित उज्यालो नेपाल पार्टीका अध्यक्ष घिसिङलाई संसदीय राजनीतिको पहिलो खुड्किलो सुखद रहेन । काठमाडौं-३ बाट उम्मेदवार रहेका घिसिङलाई रोक्दै रास्वपाका राजुनाथ पाण्डे विजयी भए । १८ हजार ७५७ मत ल्याएर राजुनाथ विजयी हुँदा कुलमान दोस्रो भए । अध्यक्ष कुलमानले ११ हजार १७१ मत ल्याए । पाण्डेसँग कुलमान ७ हजार ५८६ मतले पराजित भए ।

कुलमानलाई रोक्ने राजु काठमाडौं महानगरपालिका पूर्वमहानगर प्रहरी प्रमुख हुन् । चुनावी घरदैलोका क्रममा राजुनाथले 'म बालेनको सिपाही हजुर' भन्दै मत मागेका थिए । उनै राजुलाई जनताले आफ्नो प्रतिनिधि चुने । राजुनाथले चुनाव जित्दा कुलमानको संसदीय राजनीति भने अन्योलमा परेको छ । नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक भएर मुलुकलाई १८ घण्टासम्मको लोडसेडिङ हटाएर उज्यालो बनाएको श्रेय पाउँदै आएका छन् । उनलाई कतिपयले उज्यालोको प्रतीकका रूपमा लिन्छन् । त्यही मनोविज्ञानलाई क्यास गर्न उनले पार्टीको नाम नै उज्यालो नेपाल पार्टी राखे । तर संसदीय राजनीतिमा पहिलो प्रयासमै रोकिए ।

राजनीतिक रूपमा उनका कदमहरू पनि परिपक्क हुन सकेनन् । जसले कुलमानलाई चुनाव नजित्ने वातावरण बनाउन भूमिका खेल्यो । वैकल्पिक शक्ति निर्माणको वकालत गर्दै राजनीतिमा आउन खोजेका उनी जेनजी आन्दोलनपछि सरकारमा मन्त्री हुन गए । कतिपयले मन्त्री नभएको भए हुन्थ्यो भनेर सुभेच्छा राखेका थिए । आफ्नो समर्थनमा पार्टी खोले । तर पार्टीको सदस्यता नलिएको सार्वजनिक अभिव्यक्ति दिएर उनी विवादमा तानिए ।

मन्त्रीबाट हटेर पार्टीमा खुलेपछि रास्वपामा मिसिन गए । समानुपातिकतर्फको बन्दसूचीमा रास्वपाकै तर्फबाट उम्मेदवारको नाम बुझाए । अन्तिम समयमा रास्वपा छोडे र उज्यालो नेपाल पार्टीबाटै चुनावमा होमिए । यसले कुलमानलाई राजनीतिमा कच्चा खेलाडीको रूपमा चित्रित गर्यो । परिणाममा कुलमान रास्वपाकै उम्मेदवारसँग पराजित हुन पुगे ।

**जोगिएन 'मधेशको मसिहा' को छवि**

उपेन्द्र यादवलाई मधेशमा धेरै 'मधेशको मसिहा'को उपमा दिने गर्छन् । तर यस्तो छवि यसपटको चुनावमा उनले जोगाउन सकेनन् । उपेन्द्रलाई रोक्दै सप्तरी-३ बाट रास्वपाका अमरकान्त चौधरी निर्वाचित भए । चौधरीले निकटतम प्रतिद्वन्द्वी उपेन्द्रलाई साढे १७ हजार भन्दा बढी मतान्तरले हराइदिए ।

रास्वपाका चौधरी ३२ हजार ८७५ मत प्राप्त गरेर निर्वाचित हुँदा यादवले जम्मा १५ हजार २३९ मत पाए । योसँगै उपेन्द्रको संसदीय राजनीतिमा ब्रेक लागेको छ । २०६३/०६३ सालको संयुक्त जनआन्दोलनपछि भएको मधेश आन्दोलनमार्फत राजनीतिमा स्थापित भएका उपेन्द्र त्यसयताका हरेक निर्वाचनमा उम्मेदवार छन् ।

२०६४ को पहिलो संविधानसभा निर्वाचनमा मोरङ-५ र सुनसरी-५ बाट जिते । ५२ सिटसहित चौथो शक्तिका रूपमा उदाएको मधेशी जनअधिकार फोरमका अध्यक्ष यादव २०६५ र २०६७ मा उपप्रधान तथा परराष्ट्र मन्त्री बने ।

२०७० को दोस्रो संविधानसभा चुनावमा उनी मोरङ-५ मा पराजित भए । पछि अशोक राई नेतृत्वको संघीय समाजवादी पार्टीसँग एकता गरी संघीय समाजवादी फोरम बनाएका उनी २०७४ मा सप्तरी-२ बाट निर्वाचित भए । केपी ओली नेतृत्वको सरकारमा उनी उपप्रधानसहित स्वास्थ्य र कानुन मन्त्री बने । २०७९ सालको निर्वाचनमा सप्तरी-२ मा फराकिलो मतान्तरले पराजित भएपछि उपेन्द्रले संसद् छिर्नका लागि उपनिर्वाचनलाई माध्यम बनाए । २०८० वैशाखमा भएको उपनिर्वाचनमा बारा-२ बाट चुनावी गठबन्धन गरी उनी निर्वाचित भएका थिए ।

यसपटक दलहरू एक्लाएक्लै चुनावी मैदानमा थिए । रास्वपाका अमरकान्तले उपेन्द्रको संसदीय राजनीतिमा ब्रेक लगाइदिए । २०३८ साल मंसिर १ गते सप्तरीको डाक्नेश्वरी नगरपालिका पातोमा जन्मिएका अमरकान्तले स्नातक सम्मको अध्ययन गरेका छन् । उनी राजनीतिमा जोडिएको भने २०७४ सालदेखि हो । सुरुमा उनी तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)मा जोडिएका थिए । पछिल्लो समय रास्वपामा आवद्ध भएर अगाडि बढिरहेका उनी प्रत्यक्षतर्फ चुनाव जितेर संसद् प्रवेश गरेका छन् ।

**अनुभवीलाई रोक्दै आए रविन**

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई अनुभवी राजनीतिक खेलाडीको रूपमा लिने गरिन्छ । उनै अनुभवी राजेन्द्रलाई रोकेर रास्वपाका रविन महतो सांसद भएका छन् । सर्लाही-२ मा ४२ हजार ५१२ मत ल्याएर रविन निर्वाचित हुँदा राजेन्द्रले जम्मा ५ हजार ९९२ मत पाए ।

यो सँगै राजेन्द्रको पुनरागमन प्रयास असफल भएको छ । राजेन्द्र २०४८ सालदेखि निर्वाचन लड्दै आएका नेता हुन् । २०४८ र २०५१ को मध्यावधि चुनावमा हार बेहोरेका उनले २०५६ को चुनाव जितेका थिए । २०६२-६३ को जनआन्दोलनपछि कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको अन्तरिम सरकारमा महतो उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बने । त्यसपछिका वर्षहरूमा वाणिज्य तथा आपूर्ति मन्त्री, स्वास्थ्य मन्त्री र उपप्रधानमन्त्री समेत बने ।

२०६४ सालमा सद्भावना पार्टीका अध्यक्ष भए । पहिलो संविधानसभा निर्वाचनमा सहज जित हासिल गरे । २०७० को दोस्रो संविधानसभा चुनावमा भने सर्लाही-५ बाट पराजित भए । २०७४ को निर्वाचनमा धनुषा-३ बाट चुनाव जिते । २०७९ को निर्वाचनमा पराजित भए । यसपटक पुनरागमन प्रयासमा थिए, तर सकेनन् । अनुभवी नेतालाई हराएर उदाएका रविन राजनीतिमा नयाँ अनुहार हुन् । उनको सक्रिय राजनीतिक पृष्ठभूमि छैन । तर समाजका गतिविधिमा भने सक्रिय थिए । २०४४ माघमा सर्लाहीको कविलासी नगरपालिका-१० मा जन्मेका महतोलाई त्यसआधारमा जनताले जिताएर पठाइदिए ।

**रामजीसँग ठोक्किए सिके राउत**

जनमत पार्टीका अध्यक्ष सीके राउत संसदीय राजनीतिमा आएको छोटो समयमै रोकिन पुगेका छन् । राउतलाई रोक्दै रास्वपाका रामजी यादव सप्तरी-२ बाट निर्वाचित भएका छन् । २८ हजार ४०४ मत ल्याएर रामजीले चुनाव जित्दा सिके राउत तेस्रो भए । दोस्रोमा रहेका जनता समाजवादी पार्टी नेपालका उमेशकुमार यादवले १४ हजार २६३ मत पाउँदा जनमतका राउले केवल ९ हजार ८८० मत प्राप्त गरे ।

२०७९ को निर्वाचनमा राउतले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई दोब्बरभन्दा बढी मतले पराजित गरेका थिए । त्यसबेला राउतले ३५ हजार ४२ मत ल्याउँदा यादवले १६ हजार ९७९ मत पाएका थिए । यसपटक उनी जम्मा ९ हजार ८८० मतमा सीमित भए ।

राउतलाई रोक्दै चुनाव जित्ने रामजी इन्जिनियरिङ पृष्ठभूमिबाट राजनीतिमा आएका हुन् । राजविराज विहारपुरका उनी प्राविधिक ज्ञान, सामाजिक फिल्ड-वर्क र मधेश आन्दोलनको अनुभव मिसिएका प्रतिनिधि युवा नेता हुन् । ३० वर्षीय यादवले विद्युत इन्जिनियरिङमा बीई गरेका छन् । उनी नवीकरणीय ऊर्जा, कार्बन क्रेडिट र सार्वजनिक खरिद सुधार जस्ता विषयमा विशेषज्ञता राख्ने व्यावसायिक रूपमा सफल प्राविधिक पनि हुन् ।

इजीवर्ल्ड इन्जिनियरिङ प्रालिका प्रबन्ध निर्देशकका रूपमा सात वर्षभन्दा बढी नेतृत्व अनुभव बटुलेका यादव प्रमाण-आधारित नीति निर्माण, कार्बन क्रेडिटमार्फत वैदेशिक आम्दानी र दिगो विकास मोडल निर्माण गर्न सक्षम उम्मेदवारको रूपमा अगाडि आएका छन् । स्थानीय तहमा सब-इन्जिनियरिङ कलेज स्थापना, राजविराजको फोहोर व्यवस्थापनका लागि प्रशोधन केन्द्रको पहल, राज रंगशाला खेल मैदानको पूर्वाधार निर्माण, राजविराज-९ मा स्वास्थ्य चौकी भवन निर्माणको काममा संलग्न रामजीलाई जनताले चुनावमा जिताइदिएका हुन् ।

*(स्रोत: अनलाइनखबर)*

## महेश र वर्षालाई लिएर फिल्म 'टिका' बन्ने

काठमाडौं/नेपाली समाजमा महिलाले भोग्ने संघर्ष, आत्मसम्मान, अस्तित्व र आत्मनिर्भरताको कथामा फिल्म 'टिका' बन्ने भएको छ । आइतबार अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा थिम पोस्टर सार्वजनिक गर्दै यो फिल्मको निर्माण घोषणा गरिएको हो । भविष्य खड्का फिल्मस् र थर्ड आइ आर्ट्सको संयुक्त ब्यानरमा निर्माण हुने यस फिल्मलाई शंकर कार्कीले निर्देशन गर्नेछन् ।

फिल्मको थिम पोस्टरमा 'टिका'लाई रातो गोलाकारभित्र सेतो अक्षरमा प्रस्तुत गरिएको छ । यसले कथामा विद्रोह, संघर्ष, शान्ति र नैतिक स्वच्छताको भाव झल्किने संकेत दिन्छ । फिल्मको उपशीर्षक 'राज्यविहीन आत्मा' राखिएको छ, जसले आफ्नो पहिचान खोजिरहेको व्यक्तिको संघर्षमा कथा केन्द्रित हुने जनाउँछ । यद्यपि, फिल्मको कथावस्तुबारे निर्माण पक्षले केही खुलाएको छैन । यस वर्षको सुपरहिट फिल्म 'जेरी अन टप'की निर्मात्री भविष्य खड्का निर्माता रहेको यस फिल्ममा महेश त्रिपाठी, ऋचा शर्मा, वर्षा सिवाकोटी, निर्मल शर्मा अनुबन्धित भइसकेका छन् ।

## भारतलाई तेस्रोपटक टी-२० विश्वकपको उपाधि



काठमाडौं/भारतले आईसीसी टी-२० विश्वकप २०२६ को उपाधि जितेको छ। आइतबार भएको फाइनलमा न्युजिल्यान्डलाई पराजित गर्दै भारतले लगातार दोस्रोपटक अनि समग्रमा तेस्रोपटक विश्वकपको उपाधि जितेको हो ।

भारतले सन् २००७ मा पहिलो संस्करणको उपाधि जितेको थियो भने त्यसको १७ वर्षपछि गत संस्करणको २०२४ विश्वकप जितेको थियो । लगातार दोस्रो उपाधि जित्दै उपाधि रक्षा समेत गरेको हो । भारत लगातार दोस्रो अनि तेस्रोपटक उपाधि जित्ने एक्लो टोली हो । न्युजिल्यान्ड भने ५ वर्षपछि फाइनल खेल्दा फेरि उपविजेतामै सीमित भएको छ । यसअघि सन् २०२१ मा अस्ट्रेलियासँग फाइनलमा पराजित भएको थियो ।

अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा भएको फाइनल खेलमा भारत ९६ रनले विजयी भयो । भारतले दिएको २५६ रनको विशाल लक्ष्य पछ्याएको न्युजिल्यान्ड १९ ओभरमा १५९ रनमा अलआउट भयो ।

ओपनर टिम सेफर्टले सर्वाधिक ५२ रन बनाए । कप्तान मिचेल सान्टनरले ४३ रन बनाए । अन्यबाट उल्लेख्य योगदान हुन सकेन । डारिल मिचेलले १७ रन बनाउँदा बाँकी ब्याटर दोहोरो अंकमा पुग्न सकेनन् । भारतका जसप्रित बुमराहले ४ ओभरमा १५ रन दिएर ४ विकेट लिए । अक्षर पटेलले ३ विकेट लिए । हार्दिक पान्ड्या, वरुण चक्रवर्ती र अभिषेक शर्माले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले २० ओभरमा ५ विकेट गुमाएर २५५ रनको विशाल योगफल खडा गरेको थियो । सन्जु सामसनले ४६ बलमा ५ चौका र ८ छक्कासहित सर्वाधिक ८९ रन बनाए ।

इशान किशनले २५ बलमा ५४ तथा अभिषेक शर्माले २१ बलमा ५२ रन बनाएर आउट भए । शिवम दुबेले ८ बलमा २६ रनको क्यामिओ खेले । न्युजिल्यान्डका लागि जिमी नीशमले ३ विकेट लिँदा म्याट हेनरी र रचिन रविन्द्रले १-१ विकेट लिए । भारतले यस विश्वकपमा सुपर ८ मा दक्षिण अफ्रिकासँग एकमात्र हार बेहोरेको थियो ।

सन्जु सामसन प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले भारतका लागि ५ खेल मात्र खेलेका थिए । भारतका पछिल्ला तीन महत्त्वपूर्ण खेलमा शानदार प्रदर्शन गरेका उनले तीन अर्धशतक सहित ३२१ रन बनाए ।

## टिकटकमा भाइरल बन्यो 'राम नाम सत्य'को 'धागोले बाटेको' गीत



काठमाडौं/पछिल्लो समय गीतको लोकप्रियता मापन गर्ने माध्यम नै टिकटक बनेको छ । टिकटकमा गीत भाइरल भएपछि त्यसलाई सफल भएको मान्ने गरिन्छ । यही क्रममा फिल्म 'राम नाम सत्य'को गीत 'धागोले बाटेको' यतिबेला टिकटकमा भाइरल भइरहेको छ । दुई साताको अवधिमा यो गीतमा झन्डै तीन लाख टिकटक भिडियो बनेका छन् भने युट्युबमा पनि यसको भ्यूज उल्लेख्य देखिएको छ ।

युट्युबमा २१ लाखभन्दा बढीले गीत हेरिसकेका छन् । गीतलाई प्रतिक्रिया पनि निकै उत्साहजनक मिलेको छ । कतिले चुनावको गतिविधिले दिकदार भएको अवस्थामा यो गीतले दिमागलाई शीतल बनाएको बताएका छन् भने कतिले संगीत र दृश्यको प्रस्तुतिकरणको खुलेर प्रशंसा गरेका छन् । गीतकै कारण हलमा फिल्म हेर्न आतुर रहेको प्रतिक्रिया पनि धेरै देख्न सकिन्छ ।

दर्शकहरूले गीत मन पराएपछि निर्देशक माइकल चन्द उत्साहित देखिएका छन् । उनले भने, 'निर्वाचनको छेकोमा हामीले गीत सार्वजनिक गर्दा धेरैले गलत समयमा गरियो भनेका थिए । तर, गीत सफल हुनेमा हामी विश्वस्त थियौं । आज धेरै दर्शकको मुखमा गीत झुन्डिएको छ । लाखौंको संख्यामा टिकटक बनेका छन् । यसले हामीलाई उत्साहित बनाएको छ ।'

रोमान्टिक शैलीको यो गीतमा धन बहादुर गिरी (बाबुल) र रचना रिमालको स्वर, डा. डीआर उपाध्यायको शब्द तथा गायक गिरी स्वयंको संगीत रहेको छ । सियोन श्रेष्ठको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विराज भट्ट र सुपुष्पा भट्टलाई देख्न सकिन्छ । दर्शकहरूले उनीहरूको केमेस्ट्री निकै रुचाएका छन् ।

आगामी चैत २७ गतेबाट प्रदर्शन हुने यस फिल्ममा विराज र सुपुष्पासहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, स्व. सुनिल थापा, प्रशान्त ताम्राकार, कनिज कोइराला, दिनेश डीसी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्ममा उपेन्द्र शाही र स्वेता विमली निर्माता मा छन् भने कार्यकारी निर्माताहरू किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार हुन् ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### प्रदेश छाडेर संघको दौड:

# बागमतीका पाँचमध्ये तीन पूर्वसांसदको संघीय यात्रामा 'ब्रेक'

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ बागमती प्रदेशसभा सदस्य पदबाट राजीनामा दिँदै प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएका पाँच नेतामध्ये तीनजनाले हार व्यहोरेका छन् ।

प्रदेशको राजनीति छाडेर संघीय संसद् पुग्ने आकांक्षासहित मैदानमा उत्रिएका तीन नेता मतदाताबाट अपेक्षित समर्थन जुटाउन असफल हुँदा संघीययात्रा अधुरै भएको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि गत माघ ५ मा कांग्रेसका कुन्दनराज काफ्ले, एमालेका प्रकाश श्रेष्ठ र अमनकुमार मास्के, नेकपाका वसन्त मानन्धर र युवराज दुलाल तथा राप्रपाका सुनील केसीले प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएका थिए । पाँचजनाले प्रतिनिधि सभा सदस्य निर्वाचनमा उम्मेदवारी दिएका थिए । कांग्रेसका काफ्लेले भने टिकन नै पाएनन् । हालै सार्वजनिक मतपरिणामअनुसार एमालेका दुई र नेकपाका एक उम्मेदवार पराजित भएका छन् ।




एमालेबाट काठमाडौं-६ का उम्मेदवार अमनकुमार मास्के र काठमाडौं-७ का उम्मेदवार प्रकाश श्रेष्ठले हार व्यहोरेका हुन् । त्यस्तै, नेकपाका काठमाडौं-७ का उम्मेदवार वसन्त मानन्धर पनि तेस्रो स्थानमा सीमित भएका छन् । काठमाडौं-६ मा मास्केले चार हजार ३७३ मत मात्रै पाए जहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका शिशिर खनाल २७ हजार ७१९ मत ल्याउँदै विजयी भए । यो निर्वाचन क्षेत्रमा कांग्रेसका कृष्ण बानियाँ क्षेत्री 'सबुज'ले ६ हजार ६४७ मत प्राप्तगर्दा मास्के तेस्रो स्थानमा रहे । २०७९ को निर्वाचनमा काठमाडौं-६ (ख) बाट प्रदेशसभा सदस्य निर्वाचित भएका मास्के संघीय संसद्को प्रतिस्पर्धामा उत्रिएका थिए । उनी बागती प्रदेश सरकारमा करिब एकवर्ष भौतिक पूर्वाधार विकासमन्त्रीसमेत बनेका थिए ।

यस्तै, एमालेबाट बागमतीका पूर्वप्रदेश सांसद प्रकाश श्रेष्ठले पनि प्रदेशसभा सदस्यबाट राजीनामा दिएर काठमाडौं-७ बाट प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरेका थिए । तर, उनी पनि पराजित भए । उनले जम्मा तीन हजार ५४४ मत पाए । यो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टीका गणेश पराजुलीले श्रेष्ठलाई २४ हजारभन्दा बढी मतान्तरले पराजित गरेका हुन् । दुईपटक प्रदेशसभा सदस्य निर्वाचित भएका श्रेष्ठले बागमती प्रदेश सरकारमा दुईपटक मन्त्री बन्ने अवसर पाएका थिए । उनले करिब तीन महिना उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए भने एकवर्ष कृषि तथा पशुपन्छी विकासमन्त्रीकारुपमा काम गरेका थिए ।

काठमाडौं-७ (क) बाट तत्कालीन नेकपा एकीकृत समाजवादीको टिकटमा प्रदेशसभा सदस्य बनेका वसन्त मानन्धर यसपटक नेकपाबाट प्रतिनिधिसभा सदस्यका लागि काठमाडौं-७ बाटै उम्मेदवार बनेका थिए । मानन्धर तीन हजार ६६७ मतसहित तेस्रो स्थानमा सीमित भए । उनी काठमाडौं-७ बाट विजयी रास्वपाका गणेश पराजुली र कांग्रेसका प्रमोदहरि गुरागाईंभन्दा पछाडि रहे । यससँगै प्रदेशसभा त्यागेर संघीय संसद् पुग्ने उनीहरुको प्रयास तत्कालका लागि असफल बनेको छ ।

**दुलाल र केसी मात्र निर्वाचित**

बागमती प्रदेशसभा सदस्यबाट राजिनामा दिएर प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनेका सुनिल केसी र युवराज दुलाल भने निर्वाचित भएका छन् । राप्रपाबाट प्रदेश सांसद रहेका केसी राजिनामा दिएर रास्वपाबाट काठमाडौं-२ मा उम्मेदवार बनेका थिए । उनी यस क्षेत्रबाट अत्यधिक मतसहित निर्वाचित भएका छन् । केसीले ३४ हजार २३८ मत प्राप्त गर्दै संघीय संसदको यात्रा तय गरेका छन् । यस्तै नेकपाबाट प्रतिनिधिसभा सदस्य उम्मेदवार बनेका दुलाल पनि निर्वाचित भएका छन् । उनी सिन्धुपाल्चोक क्षेत्र नम्बर-२ बाट उम्मेदवार बनेका थिए । उनले संघीय संसदको यात्राका क्रममा २१ हजार ६९९ मत प्राप्त गर्दै जित निकालेका हुन् ।

# निर्वाचन पर्यवेक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ शान्तिपूर्ण र निष्पक्ष ढंगले सम्पन्न भएपनि लैङ्गिक, अपाङ्गता तथा समावेशीमैत्री प्रक्रियामा भने धेरै सुधार गर्नुपर्ने देखिएको एक छलफल कार्यक्रममा बताइएको छ ।

महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) को नेतृत्वमा विभिन्न १५ वटा गैरसरकारी संस्थाले तयार पारेको पर्यवेक्षण प्रारम्भिक प्रतिवेदन सार्वजनिक कार्यक्रममा भनियो, 'निर्वाचन आयोगले तयार पारेको निर्देशिकानुसार काम भएको थिएन र मतदान केन्द्रका बारेमा विश्लेषण हुन जरुरी छ ।' प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को लैङ्गिक अपाङ्गता तथा समावेशी दृष्टिकोणबाट निर्वाचन पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा सञ्चारकर्मीसँगको छलफल कार्यक्रममा एफडब्लुएलडीका अधिवक्ता सागर पाठकले प्रतिवेदनबारे प्रस्तुति दिएका थिए ।

'मतदान हुनुअघिको मतदानस्थल, मतदानको समय र मतगणनाको अवस्थालाई जे-सी विधिबाट पर्यवेक्षण गरी प्रतिवेदन तयार गरिएको हो । यसमा एफडब्लुएलडीको नेतृत्वमा विभिन्न १५ वटा गैरसरकारी संस्थाको सहकार्य रहेको छ' उनले भने । सात प्रदेशका २४ जिल्लामा रहेको १६० बुथको प्रत्यक्ष अवलोकन गरेर प्रतिवेदन तयार पारिएको पाठकले जानकारी दिए । पर्यवेक्षणका लागि निर्वाचन आयोगबाट ढिलो स्वीकृत पाएकाले पर्याप्त तयारी गर्न समय अभाव रहेको उनले बताए । यद्यपि सातै प्रदेशका मतदान केन्द्रमा १६० जना पर्यवेक्षकलाई प्रशिक्षण दिएर पर्यवेक्षणमा पठाइएको कार्यक्रममा बताइएको थियो ।

निर्वाचन आयोगले तयार पारेको निर्देशिकानुसार मतदान केन्द्र तयार नभएको एफडब्लुएलडीका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले बताए । उनले भने, 'न्यूनतम मापदण्ड पूरा भएका मतदानस्थल भेटिएनन् । मतदान केन्द्र नै पर्याप्त सूचनाबाट बञ्चित रहेकाले आउँदा दिनमा मतदान केन्द्रका बारेमा विश्लेषण हुन जरुरी छ ।' अधिकांश मतदान केन्द्रमा महिला र पुरुषको लाइन बेग्लाबेग्लै भएपनि अन्यलाई बेवास्ता गरिएको, प्राथमिक उपचारको व्यवस्था नभएको, पिउने पानी, स्तनपानकक्ष, आरामकक्ष नभएको, मतदानस्थल अपाङ्गतामैत्री नभएको र मतदानपछि फर्किने बाटो वृद्धा र अशक्तका लागि ध्यान नपुर्‍याइएको कार्यकारी निर्देशक श्रेष्ठले बताए ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाले पर्यवेक्षणका क्रममा प्राप्त अनुभव साटेकी थिइन् । उनले मतदान स्थल महिलामैत्री भएको तर, मतदान पश्चात् निस्कने बाटोका बारेमा ध्यान नपुर्‍याएको अनुभव सुनाइन् । पर्यवेक्षणमा सहकार्य गरेको टेवा संस्थाले छ जिल्लाको विभिन्न १२ वटा बुथमा पुगेर पर्यवेक्षण गरेको थियो ।

मतदान गर्ने बनाइएको लाइन अव्यवस्थित, निर्वाचन महिला प्रहरीमाथि फरक व्यवहार भएको र मतदान अधिकृतको रुखो व्यवहार पर्यवेक्षणको क्रममा प्राप्त भएको संस्थाकी ज्योति रानाले बताइन् । यसैगरी शान्तिका लागि अभियान संस्थाकी विन्दा महर्जनले नेपाली भन्दा विदेशी पर्यवेक्षकलाई मात्र महत्व दिएको बताइन् ।

यसैगरी महिला अपांग संघकी अध्यक्ष सुस्मिता श्रेष्ठले मतदान केन्द्र अपाङ्गमैत्री नभएको उल्लेख गरिन् । कार्यक्रममा पर्यवेक्षणको क्रममा खिचिएका तस्बिरहरु प्रदर्शनीमा राखिएको थियो । जसमा मतदान केन्द्र निर्माण, मतदान भइरहेको अवस्था र मतगणनाको अवस्था देखाइएको थियो ।

### हेटौंडामा 'हिमालयन राईडर्स सोसाइटी':

# साइकल संस्कृतिमार्फत स्वास्थ्य, वातावरण र पर्यटन प्रवर्द्धन

साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ हेटौंडाका युवाको सक्रियतामा स्थापना भएको हिमालयन राईडर्स सोसाइटी साइकल खेल तथा सामाजिक गतिविधिमा सक्रिय संस्थाको रुपमा अगाडि बढिरहेको छ ।

हेटौंडा तथा आसपासका क्षेत्रमा साइकल संस्कृतिको विकास, स्वास्थ्य सचेतना अभिवृद्धि, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले संस्था स्थापना गरिएको सोसाइटीका अध्यक्ष राजु थापाले बताए । स्थानीय साइकलप्रेमी युवाको पहलमा २०७८ साल फागुन ९ गते स्थापना भएको यस संस्थाले साइकलप्रेमी युवालाई एकीकृत गर्दै स्वस्थ जीवनशैली, स्वच्छ वातावरण र सक्रिय समाज निर्माण गर्ने लक्ष्य लिएको छ । संस्थाले नियमितरुपमा साइकल राइड, जनचेतनामूलक कार्यक्रम तथा सामाजिक सेवामूलक गतिविधि सञ्चालन गर्दै आएको छ ।



संस्थाको दृष्ट्रि स्वस्थ, वातावरणमैत्री र सक्रिय समाज निर्माणका लागि साइकल संस्कृतिलाई प्रवर्द्धन गर्नु रहेको अध्यक्ष थापामगर ले बताएका छन् । त्यसका लागि साइकल प्रयोगलाई दैनिक जीवनसँग जोड्ने, युवालाई खेलकुद तथा सामाजिक गतिविधिमा सक्रिय बनाउने, वातावरण संरक्षण तथा स्वास्थ्य सचेतना अभियान सञ्चालन गर्ने र साइकल पर्यटनको विकास तथा प्रवर्द्धन गर्ने मिशन लिएको संस्थाका कोषाध्यक्ष लक्ष्मीचरण श्रेष्ठले बताए । संस्थाका प्रमुख उद्देश्यमा हेटौंडा क्षेत्रमा साइकल संस्कृतिको विकास गर्नु, स्वास्थ्य तथा तन्दुरुस्तीप्रति जनचेतना फैलाउनु, वातावरण संरक्षणका लागि साइकल प्रयोगलाई प्रोत्साहन गर्नु तथा साइकल पर्यटनको प्रवर्द्धन गर्नु रहेका छन् ।

युवालाई खेलकुद र सामाजिक गतिविधिमा सहभागी गराउने तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने लक्ष्य पनि संस्थाले अघि सारेको सोसाईटीका अध्यक्ष थापामगरले बताए । संस्थाले नियमित, दैनिक, साप्ताहिक साइकल राइड कार्यक्रम, पर्यटन प्रवर्द्धनका लागि साइकल यात्रा, वातावरण संरक्षणसम्बन्धी जनचेतना अभियान, स्वास्थ्य तथा फिटनेस प्रवर्द्धन कार्यक्रम, सामाजिक सेवा तथा स्वयंसेवी अभियानलगायतका गतिविधि सञ्चालन गर्दै आएको छ । सोसाइटीले साइकल संस्कृतिको विकासमार्फत युवालाई सकारात्मक गतिविधिमा संलग्न गराउँदै वातावरण संरक्षण र स्वस्थ समाज निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको संस्थाले जनाएको छ ।

### एमाले मकवानपुरको कार्यवाहक अध्यक्षमा लामा

# सचिवालय बैठकबाट पोखरेल पदमुक्त



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ नेकपा (एमाले) मकवानपुरको कार्यवाहक अध्यक्षको जिम्मेवारी जिल्ला उपाध्यक्ष हिदम लामालाई दिइएको छ ।

आइतबार बसेको जिल्ला सचिवालय बैठकले उपाध्यक्ष लामालाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएको सचिव सीता विष्टले जानकारी दिइन् । यसअघि ११ औं जिल्ला अधिवेशनबाट निर्वाचित अध्यक्ष श्रीधर पोखरेल पार्टीको नियमित काम र सम्पर्कमा समेत नरहेको उल्लेख गर्दै सचिव विष्टले सचिवालय बैठकले पोखरेललाई पदमुक्त गरेको बताइन् । नेकपा एमाले मकवानपुरको ११ औं अधिवेशनबाट निर्वाचित अध्यक्ष पोखरेल विगत ५ महिनादेखि पार्टीको नियमित काम र सम्पर्कमा समेत नरहेको सन्दर्भमा सामाजिक सञ्जालमा सार्वजनिक भएको 'जिम्मेवारीबाट राजीनामा दिएको' भन्ने अभिव्यक्तिप्रति नेकपा (एमाले) जिल्ला कमिटी मकवानपुरको गम्भीर ध्यानाकर्षण भएको भन्दै सचिव विष्टले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, ।

'पार्टीको नियमित काम र गतिविधिमा सम्पर्क र सहभागिता नजनाई, पार्टीलाई कुनै जानकारी नगरी मौन बसेका अध्यक्ष पोखरेलले निर्वाचन परिणामको विषयलाई लक्षित गरी फेसबुक पेजमार्फत राजीनामा दिइएको अभिव्यक्ति सार्वजनिक गरेको विषयलाई पार्टीले गम्भीरताका साथ लिएको छ ।

यसै विषयमा छलफल गर्न मिति २०८२ फागुन २४ गते बसेको जिल्ला सचिवालयको बैठकले यसबाट पार्टीपंक्ति र सार्वजनिकरुपमा परेको भ्रमको पूर्णरुपमा खण्डन गर्दै क. श्रीधर पोखरेललाई पदबाट मुक्त गरेको साथै उपाध्यक्ष क. हिदम लामालाई कार्यवाहक अध्यक्षको रुपमा जिम्मेवारी दिएको यसै विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ' बिज्ञप्तीमा भनिएको छ ।

एमाले मकवानपुरले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएको र निर्वाचनको क्रममा एमालेको तर्फबाट सूर्य ध्वजावाहक उम्मेदवारको पक्षमा मतमाग्न र चुनावको हरेक व्यवस्थापनमा लागिपर्ने सम्पूर्ण नेता, कार्यकर्ता र पार्टी सदस्य, शुभेच्छुक र समर्थकप्रति हार्दिक धन्यवाद व्यक्त गरेको छ ।

'हाम्रो पार्टीप्रति विश्वास व्यक्त गरी मतदान गर्नुहुने आममकवानपुरे मतदाता आमाबुवा, दाजुभाइ र दिदीबहिनी, निर्वाचन सम्पन्न गर्न लाग्नुहुने निर्वाचन आयोग, कर्मचारी, सुरक्षा निकायप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

निर्वाचित प्रतिनिधिसभा सदस्यलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै निर्वाचनबाट प्राप्त जनमतलाई कदर गर्ने, देश र जनताको पक्षमा, संविधान र लोकतन्त्रको रक्षा, विकास, समृद्धि र सुशासनमा दृढता पूर्वक लागि रहने प्रतिवद्धता व्यक्त गर्दछौं' सचिव विष्टद्धारा जारी विज्ञप्तीमा भनिएको छ ।

# समानुपातिकमा ६० लाख बढी मत गणना : यही अनुपात रहे कुन दलले कति सिट पाउलान् ?

काठमाडौं/ प्रतिनिधि सभाको करिब ६० लाख मत गणना हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीले करिब ५० प्रतिशत मत पाएको छ । अहिलेसम्मको मतगणना कुल खसेको मतको ५४ प्रतिशत हो । प्रतिनिधिसभा निर्वाचनमा करिव एक करोड १० लाख मत खसेको थियो ।



शुरुमा गणना हुँदा कुल सदर मतको ६० प्रतिशतसम्म मत पाएको रास्वपाले अहिले २९ लाख ३० हजार मत पाएको छ । उसको त्यो मत अनुपात ४९ प्रतिशत मात्रै हो । यो अनुपात उसले अन्तिम समयमसम्म पनि कायम राखे उसले समानुपातिकमा करिब ६० सिट पाउनसक्छ । ।

५९ लाख ७४ हजार मत गणना हुँदा कांग्रेसले ९ लाख ८३ हजार मत पाएको छ । यो अनुपात कायम रहे कांग्रेसले २० सिटसम्म पाउन सक्छ । कांग्रेसले पाएको यो मत साढे १६ प्रतिशत हो । एमालेले ८ लाख ४८ हजार मत पाएको छ । १४ प्रतिशत मत पाएको उसले यो अनुपात अन्तिमसम्म कायम रहे करिब १८ सिट पाउने देखिन्छ ।

नेपाली कम्युनिष्ट पार्टीको ४ लाख ८ हजार मत छ । करिव सात प्रतिशत मत पाएको नेकपाले यही अनुपात कायम रहे ८ सिट पाउन सक्छ । राप्रपाले २ लाख १० हजार मत पाएको छ । साढे ३ प्रतिशत मत पाएको राप्रपाले यो अनुपात कायम रहे ४ सिट पाउन सक्छ ।

श्रम संस्कृति पार्टीको एक लाख ६० हजार मत छ । साढे दुई प्रतिशतभन्दा केही बढी मत पाएको उसको ३ प्रतिशतको थ्रेसहोल्ड कटिसकेको छैन ।

### आर्थिक समृद्धिमा महिलाको योगदान अतुलनीय: प्रदेशप्रमुख देवकोटा

# महिलाअधिकार सुनिश्चित गर्न मुख्यमन्त्री बानियाँको आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, २४ फागुन/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले राष्ट्र निर्माण, सुशासन, सामाजिक रुपान्तरण तथा आर्थिक समृद्धिमा महिलाको योगदान अतुलनीय रहेको बताएका छन् ।

१ सय १६ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा आइतबार शुभकामना दिँदै उनले महिलाको शिक्षा, स्वास्थ्य, आर्थिक सशक्तीकरण तथा नेतृत्व विकासमा समान र प्रभावकारी सहभागिता सुनिश्चित गर्नुपर्ने बताए । उनले अन्तर्राष्ट्रिय नारी दिवसले लैङ्गिक विभेद, हिंसा र असमानताको अन्त्य गर्दै सम्मानजनक, सुरक्षित र समान अवसरयुक्त समाज निर्माणतर्फ अग्रसर हुन प्रेरणा मिल्ने विश्वास व्यक्त गरे । साथै समावेशी तथा न्यायपूर्ण समाज निर्माणका लागि सबै पक्षको सहकार्य अपरिहार्य रहेको उनले स्पष्ट पारेका छन् । सबै महिला र बालिकाका लागि अधिकार, समानता र सशक्तीकरण' भन्ने राष्ट्रिय नारासहित मनाइँदै आएको ११६ औं अन्तर्राष्ट्रिय नारी दिवसले समान अधिकार, अवसर र सम्मानका लागि भएका ऐतिहासिक संघर्ष तथा उपलब्धिको स्मरण गराउँदै लैङ्गिक समानता र सशक्तीकरणप्रतिको प्रतिबद्धतालाई अझ सुदृढ गर्ने अवसर प्रदान गर्ने विश्वास उनले व्यक्त गरे ।

त्यसैगरी मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले महिलाअधिकार, समानता र सशक्तीकरण सुनिश्चित गर्न राज्यका सबै निकाय तथा सरोकारवाला एकजुट भएर काम गर्नुपर्नेमा जोड दिएका छन् । मुख्यमन्त्री बानियाँले अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै यतो आग्रह गरेका हुन् । उनले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी, महिला अधिकारकर्मी तथा महिला हकअधिकारको संरक्षण र प्रवर्द्धनमा सक्रिय सबैलाई शुभकामना व्यक्त गरे ।

सन्देशमा उनले महिलाको आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा भएको योगदान उल्लेख गर्दै महिलाको प्रविधिमा पहुँच विस्तार, सशक्तीकरण अभिवृद्धि तथा लैङ्गिक असमानता र हिंसा अन्त्य गर्न आवश्यक रहेको बताएका छन् । यसवर्ष अन्तर्राष्ट्रिय महिला दिवसको अन्तर्राष्ट्रिय नारा 'अधिकार, न्याय, कार्य, सबै महिला र केटीहरुको लागि' रहेको उल्लेख गर्दै उनले सबै महिला र बालिकाका लागि अधिकार, न्याय र अवसर सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याए ।

समाजमा अझैपनि कायम रहेका कुरीति तथा कुप्रथा-जस्तै बोक्सी आरोप, छाउपडी, बालविवाह, दाइजो र तिलकजस्ता अभ्यासले महिला तथा बालिकामाथि हुने हिंसा अन्त्य गर्न थप प्रभावकारी कार्यक्रम आवश्यक रहेको उनको भनाइ छ ।

मुख्यमन्त्री बानियाँले शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णय प्रक्रिया र राजनीतिजस्ता क्षेत्रमा महिलाको समान पहुँच सुनिश्चित गर्दै लैङ्गिक समानतायुक्त समाज निर्माण गर्न सबैको सहकार्य आवश्यक रहेको पनि बताए । साथै, अन्तर्राष्ट्रिय महिला दिवसले महिला अधिकार, समानता र सशक्तीकरणका लागि थप प्रतिबद्ध भएर काम गर्न सबैलाई प्रेरणा मिल्ने विश्वास उनले व्यक्त गरे ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना